मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : २९ ★ ने. सं. ११४४ शिल्ला थ्व, द्वादशी ★ बुधबार ★ ९ फागुन, २०८० ★ February 21, 2024, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ १२

## समाजवादी गणतन्त्र नै सहिदको सपना हो – सांसद सुवाल



भक्तपुर, ८ फागुन । नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले समाजवादी गणतन्त्र नै सहिदको सपना हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला समिति भक्तपुरको आयोजनामा मङ्गलबार सम्पन्न ३३ औँ सहिद दिवस कार्यक्रममा अतिथि सुवालले बेलायत, फ्रान्स र संयुक्त राज्य अमेरिकामा भएको स्वतन्त्रता आन्दोलनमा कामदारवर्गका जनताको हित नभएको उल्लेख गर्नुभयो । उहाँले नेपालमा २०४६ सालमा भएको जनआन्दोलनपश्चात् ठुला पार्टीका नेताहरू मन्त्री भए पनि सहिदहरूको सपनाअनुसार कामदार जनताको हित हुन नसकेको बताउनुभयो ।

कम्युनिस्ट नाम गरेका ठुला पार्टीहरू वास्तविक कम्युनिस्ट नभएको स्पष्ट पार्दै उहाँले नि:शुल्क शिक्षा, स्वास्थ्य, कृषिमा आत्मनिर्भरता र देशको सन्तुलित विकास नहुने पुँजीवादी गणतन्त्रले कामदारवर्गको हित नगर्ने बताउनुभयो । शासक दलहरूले नेपालमा विदेशी लगानी बढाउनु भनेको देश विदेशीको हातमा बेच्नुसरह हो, देशलाई उपनिवेश बनाउनु हो भन्दै जनताले विदेशी पुँजीको विरोध गर्दै समाजवादी व्यवस्था स्थापनाको लागि अगाडि बढ्नु नै सहिदको सपना साकार पार्नु हो भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले समाज परिवर्तनको निम्ति काम गर्दा गर्दै आफ्नो ज्यान आहुती गर्नेहरू सहिद हुने उल्लेख गर्दै सरकारको जथाभावी सहिद घोषणाले सहिदको अपमान भएको बताउनुभयो ।

नेपालको राजनीति भारतीय शासकवर्गको इसारामा चलिरहेको हुँदा सहिदको सपनामा कुठाराघात भइरहेको उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ, भक्तपुरका अध्यक्ष एवं वाग्मती प्रदेश सभासद् सृजना सैंजूले २०४६ सालको जनआन्दोलन नेपालको लागि इतिहास हो भन्दै प्रजातन्त्र स्थापनाको तीन दशक बितिसक्दा पनि देशमा प्रजातन्त्रको आभास हुन नसकेको बताउनुभयो । उहाँले अहिले देशका युवाहरू बिदेसिने क्रम बढिरहेकोमा चिन्ता व्यक्त गर्दै ७० लाखभन्दा बढी युवा जनशक्ति विदेशमा हुँदा देशको शिक्षा, विकास निर्माण तथा उत्पादनलगायतका धेरै क्षेत्रमा प्रत्यक्ष असर परेको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घका सचिव एवं भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवाल, नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुरका अध्यक्ष एवं भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल, सहिद परिवारको तर्फबाट रचना सुवाल, जनआन्दोलनका घाइते राजेन्द्र दुमरु, नेपाल क्रान्तिकारी किसान सङ्घका जिल्ला समिति सदस्य गंगाराम ज्याख्वले सहिदहरूको योगदान र देशको वर्तमान परिस्थितिबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

## कामदारवर्गका जनताको शासन व्यवस्था आवश्यक



भक्तपुर, ८ फागुन । ख्वप्रिङ इङ्गलिश एकेडेमी (सेकेन्डरी) को २३ औँ वार्षिक दिवस तथा २४ औँ स्थापना दिवस समारोह नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा अतिथि सुवालले देशका प्रमुख पदमा बसेका शासक दलहरू भ्रष्टाचारी तथा अदूरदर्शी भएको कारण देश झन्झन् समस्यामा धकेलिएको हुँदा जनता सचेत भई त्यसको विरोधमा अघि बढ्नुपर्ने बताउनुभयो । योग्यताअनुसारको काम, कामअनुसारको ज्याला व्यवस्था गर्नको लागि कामदार जनताको शासन व्यवस्था आवश्यक भएकाले विद्यालय स्तरदेखि नै देश र जनताप्रति समर्पित हुने शिक्षा दिनुपर्ने कुरामा उहाँले जोड दिनुभयो । उहाँले अबको विद्यालय शिक्षा थोरै पढाऊ धेरै उत्प्रेरणा देऊ भन्ने कुरातर्फ लक्षित हुनेमा जोड दिनुभयो ।

उहाँले शिक्षकले आफ्नो लागि होइन सबैको लागि हित हुने काम गर्न अनुरोध गर्नुभयो ।

विद्यालयका सल्लाहकार ज्ञानसागर प्रजापतिले प्रस्तावित शिक्षा ऐनले शिक्षकलाई राजनैतिक अधिकारबाट अलग राख्ने षड्यन्त्र भइरहेकोतर्फ सबै सजग रहनुपर्ने, शिक्षक दलीय राजनीतिमा नफसी राष्ट्रिय अन्तर्राष्ट्रिय विषयमा जानकार भई विद्यार्थीलाई देशको राष्ट्रियता र सार्वभौमिकताको लागि लड्न सक्ने नागरिक तयार गर्न जोड दिनुभयो । उहाँले कक्षा १२ सम्म नि:शुल्क र अनिवार्य गराउन सङ्घष गर्नुपर्ने तथा शिक्षा व्यवसायिक तथा सीपमूलक बनाउन शिक्षालाई उत्पादन श्रमसँग जोडिएर अध्ययन अध्यापन गराउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष कृष्णप्रसाद कोजुले अभिभावक तथा शिक्षकले आफ्ना सन्तानका गतिविधिप्रति सचेत नहुने भए आपराधिक गतिविधिमा फस्ने हुँदा विद्यार्थीलाई समयानुकूल सामाजिक, राजनैतिक विषयवस्तुबारे पनि जानकारी दिई अघि बढ्न आग्रह गर्नुभयो

बाँकी पृष्ठ ११ मा

## आईसीजेद्वारा प्यालेस्टिनमा इजरायलको कब्जामा साताव्यापी सुनुवाइ सुरु



द हेग, २० फेब्रुअरी (प्रेस टिभी) । अन्तर्राष्ट्रिय न्याय अदालत (आईसीजे) ले सन् १९६७ देखि प्यालेस्टिनी भूभागमा इजरायलको कब्जामा ऐतिहासिक सुनुवाइ गरिरहेको छ । हप्ता दिन लामो सत्रमा ५२ देशहरूले दिएका प्रमाणहरू सुन्ने अपेक्षा गरिएको छ ।

संयुक्त राज्य अमेरिका, रुस र चीनका प्रतिनिधिहरूले आईसीजेको द हेगको शान्ति दरबारमा बसिरहेको इजलासमा न्यायाधीशहरूलाई सम्बोधन गर्नेछन् ।

सोमबार, संयुक्त राष्ट्र सङ्घको सर्वोच्च अदालतले वेस्ट बैङ्क, गाजा र पूर्वी अल-कुद्समा इजरायलको कब्जाको कानुनी नतिजाहरूमा धेरै राज्यहरू र तीन संगठनहरूबाट प्रमाणहरू सुनेको थियो । सन् १९६७ जुनमा इजरायलले सिरियाबाट गोलान हाइट्स पनि कब्जा गरेको थियो । संयुक्त राष्ट्रसङ्घले प्यालेस्टाइन र सिरियाली भूभागको कब्जालाई गैरकानुनी मानेको छ ।

वकिलहरूको एउटा टोलीले इजरायललाई फाइदा उठाउन दिनुको सट्टा यसको गैरकानूनी आचरणको नतिजा भोग्न बाध्य बनाउनुपर्ने तर्क गरे । वकिलहरूले इजरायली शासनले क्षेत्रहरू कब्जा गरेर आफ्नो 'औपनिवेशिक योजना' लाई साकार पारिरहेको विश्वास गर्छन् ।

प्यालेस्टाइन राज्यका कानुनी प्रतिनिधि एलेन पेलेटले संयुक्त राष्ट्र सङ्घ र तेस्रो पक्षहरूलाई कुनै पनि सैन्य वा

बाँकी पृष्ठ १२ मा

प्रजातन्त्रका आधारभूत पक्षहरु
➢ संवैधानिक सर्वोच्चता
➢ बहुलवादको सम्मान
➢ विधिको शासन
➢ शक्ति पृथकीकरण
➢ आवधिक निर्वाचन
➢ मौलिक हक
➢ मानवअधिकार
➢ पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
➢ सामाजिक न्याय तथा समावेशीकरण
➢ आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास
नेपाल सरकार
विज्ञापन बोर्ड

# फागुन १३ गतेबाट दादुरा–रुबेला खोप अभियान सञ्चालन



भक्तपुर, ८ फागुन । भक्तपुरमा दादुरा–रुबेला खोप अभियान फागुन १३ गतेदेखि २३ गतेसम्म सञ्चालन गरिने भएको छ ।

दादुरा–रुबेला खोप अभियानअन्तर्गत २०८०।८१ भक्तपुर नगरपालिकास्तरीय खोप समन्वय समितिको अभिमुखीकरण कार्यक्रम मङ्गलबार भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लक्षित समूह यस खोप अभियानबाट वञ्चित हुन नहुने बताउँदै भनपाभित्रका सबै बालबालिकाहरूलाई खोपको सुनिश्चितता गर्ने बताउनुभयो ।

राज्यले बालबालिकालाई स्वस्थ राख्न विभिन्न रोगविरुद्धको खोपमा सरकारले सम्पूर्ण खर्च व्यहोर्दै आएको बताउँदै उहाँले सरकारले नि:शुल्करूपमा प्रदान गर्दै आइरहेको खोपमा बालबालिकाको पहुँच पुऱ्याउनु आवश्यक भएको बताउनुभयो ।

जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका खोप अधिकृत शान्तिराम खतिवडाले खोप अभियान सम्पन्न गर्न सबैको सहकार्य आवश्यक भएको बताउनुभयो । नेपाल सरकारको उच्च प्राथमिकतामा परेको दादुरा–रुबेला खोप ९ महिनादेखि १५ वर्षमुनिका बालबालिकाहरूमा लगाइने बताउँदै उहाँले खोप अभियानको उद्देश्य, अवस्था र उपलब्धिबारे प्रस्तुतीकरण देखाउनुभएको थियो ।

## जिल्लाव्यापी भलिबल प्रतियोगिता सुरु
# सार्वभौमिकता जोगाउन युवाहरू तयार हुनु आवश्यक

भक्तपुर, ८ फागुन । अन्तरविद्यालय १०+२ र कलेजस्तरीय भक्तपुर जिल्लाव्यापी भलिबल प्रतियोगिता मङ्गलबारदेखि सहिद स्मृति खेल मैदान भक्तपुरमा हिसान (HISSAN) भक्तपुर जिल्ला समितिको आयोजनामा सुरु भएको छ । भलिबल प्रतियोगिताको नेपाल भलिबल सङ्घका उपाध्यक्ष एवं नेपालको पहिलो अन्तराष्ट्रिय भलिबल रेफ्री गौतमप्रसाद लासिवाले रेफ्रीलाई बल हस्तान्तरण गरी समुद्घाटन गर्नुभएको थियो ।

कलेजस्तरीय भलिबल प्रतियोगिताको समुद्घाटन कार्यक्रममा उपाध्यक्ष लासिवाले नेपालको राष्ट्रिय खेल भलिबल प्रतियोगिताबाट खेलकुद विकासमा महत्त्वपूर्ण योगदान पुग्ने उल्लेख गर्दै खेलकुदले मित्रताका साथै सार्वभौमिकता जोगाउन युवाहरूलाई तयार गर्न मद्दत पुग्ने बताउनुभयो। अध्ययनमा पनि जोड दिँदै उहाँले विभिन्न देशको इतिहास, भूगोल, अर्थव्यवस्था र देशको राजनैतिक अवस्थाबारे पनि जानकारी राख्नुपर्ने बताउनुभयो। खेलाडीहरू अनुशासित, कर्तव्यनिष्ठ र इमानदार भएमा खेलकुद क्षेत्रमा हुने पक्षपात, बेइमानी र भ्रष्टाचारको विरुद्ध आवाज उठाउन सकिने बताउँदै उहाँले खेलकुद व्यवस्थापन राम्रो भएको देशका युवाहरूको स्वास्थ्य राम्रो हुने भएकोले स्वास्थ्य उपचार खर्च कम हुने बताउनुभयो ।

हिसान भक्तपुर जिल्ला समितिका अध्यक्ष मदन कसपालले हिसानमा आबद्ध विद्यालय र कलेजका विद्यार्थीहरूलाई खेलकुदको माध्यमबाट मित्रता बढाउने र पढाइका साथै अनुशासित र कर्तव्यनिष्ठ बन्न प्रेरित गर्ने उद्देश्यले भलिबललगायत विभिन्न खेलकुद प्रतियोगिताहरूको आयोजना गर्दै आएको बताउनुभयो ।

भलिबल प्रतियोगिता व्यवस्थापनको जिम्मेवारी पाएको सिवर्ड इन्टरनेसनल कलेजका अध्यक्ष धर्मसुन्दर बज्राचार्यले शैक्षिक संस्थाहरूले शिक्षाका साथै विभिन्न अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीहरूलाई सबल र सक्षम बनाउन क्रियाशील हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा आयोजक समितिका प्रेम निरौलाले खेलकुद प्रतियोगिताबाट विद्यार्थीहरूलाई अनुशासित बनाउने बताउनुभयो ।

# समदर्शीमा ज्येष्ठ नागरिक अन्तरक्रिया कार्यक्रम

भक्तपुर, ८ फागुन । समदर्शी बचत तथा सहकारी संस्था लि. को अवकाश बचत हित उपसमितिको आयोजनामा संस्थाका ज्येष्ठ नागरिक सदस्य भेला तथा अन्तरक्रिया कार्यक्रम सोमबार संस्थाको कार्यकक्षमा सम्पन्न भयो ।

संस्थाका संस्थापक अध्यक्ष हरिराम लवजुले भक्तपुरका १२ वटा संस्थामा बचतकर्ताको अरबौँ रकम जोखिममा रहेको बताउँदै बढी ब्याज पाउने लोभमा त्यस्ता सहकारीमा बचत नगर्न अनुरोध गर्नुभयो ।

संस्थाका अध्यक्ष रामकृष्ण मानन्धरले वार्षिक कार्यतालिकाअनुसार आगामी चैत ३ गते ज्येष्ठ नागरिकलाई तीर्थाटन भ्रमणमा लगिने बताउनुभयो । २२ औं संस्था स्थापना दिवस (फागुन १६) को अवसरमा फागुन १६ मा शुभकामना तथा दीपावली कार्यक्रम, फागुन १७ गते साबुन बनाउने तालिम, फागुन १८ गते संस्थापक भेला र फागुन १९ गते स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम गर्ने जानकारी गराउनुभयो ।

संस्थाका सचिव विश्वबहादुर दुवालले संस्थाले बचत तथा ऋणको कारोबारमात्र नगरी सदस्यलाई आइपर्ने समस्या समाधानको लागि सक्दो सहयोग गर्दै आएको बताउनुभयो ।

सल्लाहकार समिति संयोजक विश्वमोहन जोशीले समदर्शीमा सबैप्रति समान भाव राखेको, सबैको स्वामित्व रहेको र आफ्नोपनको अनुभव दिलाएको बताउनुभयो ।

अवकाश बचत हित उपसमिति संयोजक पशुपतिभक्त रायले सदस्यबाट तीर्थाटन भ्रमण कार्यक्रमको बारेमा राखेको जिज्ञासाको जवाफ दिनुभयो ।

अवकाश बचत हित उपसमिति संयोजक पशुपतिभक्त रायको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपसमिति सदस्यहरूमा कृष्णगोपाल कुसीले स्वागत, राजुराम मुनकर्मी कार्यक्रम सञ्चालन र उमेशप्रसाद सिंहले धन्यवाद मन्तव्य दिनुभएको थियो । सहभागीको तर्फबाट मनिकबाबु ग्वङ्ग, ज्ञानदास खाइतु, सरोज श्रेष्ठले आ–आफ्नो जिज्ञासा राख्नुभयो ।

# भक्तपुरको जुजु धौ

**लक्ष्मी तामाङ (प्रशिक्षार्थी)**

भक्तपुरको लागि दही निकै प्रसिद्ध छ । यहाँको जुजु धौ असाध्यै स्वादिष्ट रहेको छ ।

सर्वसाधारण जो कोहीलाई पनि यहाँको दहीले मन लोभ्याउने गर्दछ । जुजु धौको लोकप्रियताले नै यहाँको व्यवसायलाई फस्टाएको छ ।

दही व्यवसायी जगत श्रेष्ठले भक्तपुरको मौलिक उत्पादन जुजु धौको स्वाद र गुणस्तरको कारण यसको माग बढेसँगै व्यवसाय पनि फस्टाएको बताए । उनका परिवारले तीन पुस्तादेखि दही व्यवसाय गर्दै आएका छन् । उनले दही व्यवसायबाहेक अरु कुनै व्यवसाय नगरेको बताए ।

उनको भक्तपुर जगातीमा दहीको व्यवसाय गरेको ३२ वर्ष भएको छ । त्यही व्यवसायबाट नै जीवन गुजारा गर्दै आएको उनी बताउँछन् । उनका अनुसार दैनिक आम्दानी कहिले २ हजार हुन्छ भने कहिले ५ हजारसम्म हुन्छ । तर दिनमा वा महिनामा यति नै व्यापार वा आम्दानी हुन्छ भन्ने निश्चित छैन । यस व्यवसायले घर धान्न र जीवन सहजरूपमा चलाइरहेको उनको भनाइ हो ।

अर्को दही व्यवसायी ४५ वर्षीय कृष्ण मानन्धर पनि दही व्यवसायमा लागिपरेका छन् । केही वर्ष कृषि क्षेत्रमा संलग्न उनी त्यस क्षेत्रलाई छोडी दही व्यवसायमा लागेका हुन् । दही व्यवसायबाटै उनको जीवन सहज भएको छ । उनको भनाइअनुसार दही मुख्यतया चाडपर्वमा बढी बिकी हुन्छ । दही शुभकार्यमा पनि प्रयोग गरिन्छ । दहीको राम्रो आम्दानी भइरहेको छ । उनी मासिकरूपमा ४० देखि ५० हजारसम्म आम्दानी भएको बताउँछन् । यही व्यवसायबाट उनले इन्द्र चोकमा पनि दही पसल खोलेका छन् । भक्तपुरका बासिन्दाहरूले परम्परागत शैलीबाटै दही बनाउने कामलाई निरन्तरता दिएका छन् । दही स्वादिलो र स्वस्थकर हुने भएकोले दहीको व्यापार व्यवसाय झन्झन् बढेको छ ।

# पैँतालिस प्रतिशत क्षयरोगका बिरामी उपचारभन्दा बाहिर

काठमाडौँ, ८ फागुन । क्षयरोगका ४५ प्रतिशत बिरामी उपचारभन्दा बाहिर रहेको पाइएको छ । राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा. प्रज्ज्वल श्रेष्ठले रोग पहिचान भएकामध्ये अझै ४५ प्रतिशत बिरामी उपचारको दायरामा ल्याउन नसकिएको बताउनुभयो ।

उहाँले नि:शुल्क औषधि, परीक्षण र उपचार गर्दा पनि यति ठुलो सङ्ख्यामा बिरामी उपचारमा नआउनु क्षयरोग नियन्त्रणमा चुनौती थपिएको बताउनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७८/७९ मा नयाँ भेटिएका ७१ हजार सात सय बिरामीमध्ये करिब ३२ हजार बिरामी उपचारको दायरामा ल्याउन नसकिएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त सचिव डा. विकास देवकोटाले उपचारको दायरामा आउन नसकेको बिरामीले आगामी वर्ष बजेटमा समेट्ने बताउनुभयो । उहाँले भन्नुभयो, “उपचारको दायरा नआएका बिरामीले परिवार र समाजमा क्षयरोग सारिरहेका छन् । आगामी वर्ष बजेटमा ती बिरामीलाई उपचार ल्याउने बजेट विनियोजन गरिने छ ।” उहाँले स्थानीय तह र समुदायलाई परिचालन गरेर क्षयरोगलाई नियन्त्रण गर्न सकिने बताउनुभयो ।

नेपालमा क्षयरोगका कारण वार्षिक १७ हजार मानिसको मृत्यु हुने अनुमान गरिएको केन्द्रले जनाएको छ । क्षयरोग माइकोब्याक्टेरियम ट्युबरक्लोसिस नामक जीवाणुको सङ्क्रमणका कारण हुने सङ्क्रमणजन्य सरुवा रोग हो । क्षयरोग श्वासप्रश्वासको माध्यमबाट सर्ने रोग हो । क्षयरोग भएका बिरामीले खोक्दा, हाच्छिउँ गर्दा कीटाणु निरोगी मानिसको सम्पर्कमा आएमा रोग सर्ने जोखिम हुन्छ । क्षयरोगबाट ७२ प्रतिशत फोक्सोलाई सङ्क्रमण गर्छ । यस्तै मुटुको बाहिरी झिल्ली, मासु, जोर्नी, मस्तिष्कमा पनि क्षयरोगले असर गर्दछ ।

केन्द्रका निर्देशक डा. श्रेष्ठ क्षयरोगका बिरामीले कम्तीमा ६ देखि बढीमा १२ महिनासम्म चिकित्सकको निगरानीमा बसेर औषधि सेवन गरेमा ९० प्रतिशत रोग निको हुने बताउनुहुन्छ । उहाँका अनुसार क्षयरोगको जोखिम १५ देखि ४४ वर्ष उमेर समूहमा रहेको छ । पछिल्लो वर्षमा ६५ वर्षभन्दा माथिका वृद्धवृद्धामा पनि क्षयरोग देखिने गरेको पाइएको छ ।

सरकारले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य र २०५० सम्ममा क्षयरोग अन्त्य गर्ने लक्ष्य लिएको छ । केन्द्रले छिटो र छरितो तरिकाले रोग पहिचान गर्न १५ सेन्टरबाट, एक सय १३ स्वास्थ्य संस्थाबाट, एक सय ३१ वटा यन्त्र जडान गरी रोगी पत्ता लगाउने गरेको उहाँको भनाइ छ । नेपालभरका ६ हजारभन्दा बढी स्वास्थ्य संस्थामा क्षयरोगविरुद्धको औषधि नि:शुल्क उपलब्ध छ ।

कुपोषण भएका, धूमपान तथा सुर्तीजन्य पदार्थको सेवन, मधुमेहका बिरामी, मादक पदार्थ सेवन गर्ने, एचआइभी सङ्क्रमित, रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिस क्षयरोगको उच्च जोखिममा पर्ने गर्दछन् ।

**लक्षण**

तौल कम हुनु, खानामा रुचि कम हुनु, दुई हप्ताभन्दा बढी समय एकनासले खोकी लाग्नु, राति ज्वरो आउनु क्षयरोगका प्रमुख लक्षण हुन् । ***रासस***

खवप मा.विको चौबिसौं, खवप कलेजको बाइसौं र खवप कलेज अफ ल को पहिलो वार्षिक उत्सव कार्यक्रम (फागुन ९, १० र ११) को सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

उद्घाटन कार्यक्रम
मिति : २०८० फागुन ०९ गते, बुधबार
समय : बिहान १०:०० बजे,
स्थान : खवप कलेज प्राङ्गण
शैक्षिक प्रदर्शनी : २०८० फागुन १० गते, बिहीबार

सुबिसु केबल नेट प्रा.लि.
दिपेश मास्के
मो नं. ९८०११५८४४०

***कामदार...***

अभिभावक राजाराम दुवालले गुणस्तरीय शिक्षाको लागि ख्वप्रिङ प्रतिबद्ध भई अघि बढिरहेको उल्लेख गर्दै समयअनुसार अभिभावक शिक्षालाई प्रविधिमैत्री तथा अभिमुखीकरण कार्यक्रम आयोजना गर्नुपर्ने सुझाव दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपेन्द्र प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा संस्थागत विद्यालय सङ्घ (इसान) का महासचिव पुरुषोत्तम ग्वाछा र विद्यालयका पूर्व व्यवस्थापन समितिका अध्यक्ष रामप्रसाद प्रजापतिले पनि बोल्नुभएको थियो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले शैक्षिक सत्र २०७९ मा कक्षागतरूपमा उत्कृष्ट जीपीए ल्याउन सफल विद्यार्थी तथा विद्यालयमा वर्ष शिक्षक, वर्ष विद्यार्थी हुन सफल क्रमश: किन्डरगार्टेन शिक्षिका सुनिता त्वाती, सफी कोजू तथा एसईई २०७९ मा उत्कृष्ट डेविट प्रजापतिलाई स्वर्णपदक तथा सम्मानपत्र प्रदान गर्नुभयो ।

उक्त कार्यक्रममा सल्लाहकार ज्ञानसागर प्रजापतिले स्थापना दिवसको अवसरमा सम्पन्न विभिन्न खेलकुद प्रतियोगितामा विजेता विद्यार्थीलाई पुरस्कृत गर्नुभयो ।

विद्यालयका प्र.अ. विनोद प्रजापतिले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा विद्यालयको स्थापना दिवसको अवसरमा सम्पन्न आमन्त्रित कबड्डी प्रतियोगितामा क्रमशः प्रथम, द्वितीय र तृतीय हुन सफल पारागन एकेडेमी, ख्वप्रिङ एकेडेमी तथा मिनर्वा इङ्गलिश स्कूललाई पनि ट्रफी तथा मेडल वितरण गरिएको थियो । दोस्रो चरणअन्तर्गत विद्यार्थीहरूका विभिन्न सांस्कृतिक प्रस्तुति देखाइएको थियो ।

**सङ्क्षिप्त समाचार**

## काभ्रेपलाञ्चोकमा बृहत् कृषि महोत्सव सम्पन्न

धुलिखेल (काभ्रेपलाञ्चोक), ८ फागुन । जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको मुख्य आयोजना तथा जिल्लास्थित सबै पालिकाको आयोजनामा फागुन ४ गतेदेखि सञ्चालन भएको 'बृहत् काभ्रेपलाञ्चोक कृषि महोत्सव, २०८०' सोमबार सम्पन्न भयो ।

बनेपाको तीनदोबाटोस्थित करुणमार्गमा चार दिनसम्म चलेको महोत्सव करिब ७० हजार दर्शकले अवलोकन गरेको जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका प्रमुख दीपककुमार गौतमले बताउनुभयो ।

प्रदर्शनीमा जिल्लास्थित सबै गाउँपालिका तथा सिन्धुपाल्चोकका पाँचपोखरी थाङपाल गाउँपालिकाले कृषिजन्य वस्तुको प्रदर्शनी गरेका थिए । महोत्वस अवलोकन गर्नका लागि विभिन्न ३५ जिल्लाका जनप्रतिनिधि सहभागी भएको उहाँले बताउनुभयो ।

किसानका समस्यादेखि उनीहरूले उत्पादन गरेका वस्तुको बिक्री र प्रदर्शनीले राम्रो प्रचार पाएको भन्दै उहाँले अब जिल्लाले नै कृषिमा फड्को मार्ने आशा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "अब जिल्लाका किसानले पनि मल नपाउने समस्याबाट मुक्त हुनेछन् । महोत्सवले प्रत्येक पालिकामा हाटबजार चलाउन पालिकालाई महोत्सवले दबाब दिनेछ ।"

जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका उपप्रमुख रिमबहादुर तामाङले जिल्लाका सबै पालिका र सरकारी कार्यालयसँगको समन्वयमा महोत्सव भव्यरूपमा सम्पन्न भएको बताउनुभयो । उहाँले महोत्सवले किसानको समस्या र उहाँहरूको उत्पादनको बजारीकरणका लागि बहस गर्ने र पैरवी गर्ने थलोका रूपमा विकास गरेको बताउनुभयो । महोत्सवमा दुई सयवटा कृषिसँग सम्बन्धित प्रदर्शनी कक्ष राखिएको थियो । ***रासस***

## दोलखाको हाटडाँडा केन्द्रबिन्दु भएर भूकम्पको धक्का

काठमाडौँ, ८ फागुन । दोलखा जिल्लाको हाटडाँडा केन्द्रबिन्दु भएर भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार मङ्गलबार बिहान ४ बजेर ५८ मिनेट जाँदा दोलखा जिल्लाको हाटडाँडा आसपास केन्द्रबिन्दु भएर चार दशमलव एक रेक्टरस्केलको भूकम्प गएको हो ।

यसअघि फागुन ४ गते बझाङ जिल्लाको परकाट्ने केन्द्रबिन्दु भएर चार दशमलव चार रेक्टरस्केलको भूकम्प गएको थियो । ***रासस***

## बाजुरामा वर्षासँगै पुन: हिमपात

बाजुरा, ८ फागुन । वर्षासँगै बाजुराको माथिल्लो भेगमा हिमपात भएको छ । ५ महिनापछि वर्षासँगै हिमपात भएपछि किसान खुसी भएका छन् । पूर्वी-उत्तरी भेगको हिमाली गाउँपालिकाको विच्छ्याँ, रुगिन, बुढीनन्दा नगरपालिका, गौमुल गाउँपालिकाका उच्च लेकाली भेगमा हिमपात भएको छ । यस्तै जगन्नाथ, स्वामीकार्तिक, बडीमालिका, खप्तडछेडेदह र त्रिवेणी नगरपालिकाका लेकाली क्षेत्रमा हिमपात भएको हो ।

बेँसीतिर पानी पर्दा अत्यधिक मात्रामा जाडो बढेको छ । सोमबार रातिदेखि उच्च हिमाली क्षेत्रका धेरै ठाउँमा परेको हिमपातले जनजीवन कष्टकर समेत बनाएको छ । बडीमालिका, बुढीनन्दा नगरपालिका, हिमाली गाउँपालिकालगायतका उच्च हिमाली क्षेत्र यस वर्ष बल्ल सेताम्मे बनेका छन् । वर्षा र हिमपातपछि वस्तुभाउलाई घाँस तथा दाउराको समेत समस्या भएको स्थानीयले बताएका छन् ।


चिसोसँगै हिमपात भएपछि विद्यार्थीलाई आवतजावतमा समेत समस्या हुँदा विद्यालयको पठनपाठन प्रभावित भएको छ । लामो समयदेखि पानी नपर्दा समस्यामा परेका किसान भने वर्षासँगै हिमपात भएपछि खुसी भएका छन् । सिँचाइको सुविधा नहुँदा गहुँबाली लगाए पनि सुक्न थालेको समयमा वर्षा र हिमपात हुँदा किसान खुसी भएका हुन् ।

हिउँदे वर्षाका कारण पहाडी क्षेत्रमा लगाइएका विभिन्न बालीलाई फाइदा पुगेको बडीमालिका नगरपालिका-३ रजालीका कमल रावलले बताउनुभयो । वर्षाले विभिन्न अन्नबाली, फलफुल र तरकारीलगायत किसानलाई फाइदा पुग्ने जिल्ला कृषि ज्ञान केन्द्र बाजुराका निमित्त कार्यालय प्रमुख मीनप्रसाद जैशीले बताउनुभयो । हिमपातका कारण बाजुरा जिल्लाको उत्तरी क्षेत्रका चार स्थानीय तह र हुम्ला, मुगु र कालीकोटका केही स्थानीय तह जोड्ने मार्तडी कोल्टी सडकखण्डमा चल्ने जीप सेवा प्रभावित भएको छ । ***रासस***

## सुनजस्तो देखिने वस्तुसहित एक भारतीय पक्राउ

काठमाडौँ, ८ फागुन । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुन जस्तो देखिने पहेँलो रङको अर्धठोस वस्तु करिब आठ सय ५५ ग्रामसहित गएराति एक भारतीय नागरिक पक्राउ परेका छन् । पक्राउ पर्नेमा ३५ वर्षीय शरिफअहमद अब्दुल गफुर रहेको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "विमानस्थलबाट सुन जस्तो देखिने पहेँलो रङको अर्धठोस वस्तु करिब आठ सय ५५ ग्रामसहित भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । निजलाई आज आवश्यक अनुसन्धान तथा कारबाहीका लागि भन्सार कार्यालय पठाइने छ ।" दुबईबाट फ्लाई दुबईको उडानमार्फत काठमाडौँ आएका निजलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन टनेल गेटमा जाँच गर्ने क्रममा अवैधरूपमा लुकाई छिपाई भन्सार छली लैजान लागेको अवस्थामा पक्राउ गरिएको प्रहरी नायब महानिरीक्षक ढकालले बताउनुभयो । ***रासस***



**बादी समुदायलाई अस्थायी टहरा**

कार्तिक १७ गते गएको भूकम्पबाट पीडित भएका नलगाड नगरपालिका-७ काललाग्यस्थित बादी समुदायले अस्थायी टहरा निर्माण गरी त्रिपालको बसाइँबाट मुक्त हुँदै । दैनिक माछा मारेर जीविकोपार्जन गर्दै आएका बादी समुदाय अस्थायी टहरा पाउँदा खुसी । तस्बिर : हेमन्त केसी/रासस

# अशोकस्तम्भका पुरातात्त्विक संरचना जोगाउने प्रयास

लुम्बिनी, ८ फागुन । बुद्ध जन्मस्थल लुम्बिनीस्थित मायादेवी मन्दिरसँगै रहेको अशोकस्तम्भको पुरातात्विक संरचनालाई जोगाउने प्रयास सुरु गरिएको छ । लुम्बिनीलाई बुद्ध जन्मस्थलका रूपमा चिनाउने मुख्य आधार अशोकस्तम्भका पुरातात्विक संरचनामा असर पर्न थालेपछि नजिकै बालिने बत्तीलाई परिसर बाहिर सारिएको छ ।

युनेस्कोलगायत पुरातत्त्वविद्हरूले दिएको सुझावअनुसार नै लुम्बिनी विकास कोषले मायादेवी मन्दिरसँगै रहेको अशोकस्तम्भ नजिकै बत्ती बालिँदै आएको दियोसेड मन्दिर परिसर बाहिर निर्माण गरेर स्थानान्तरण गरिएको विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले बताउनुभयो । विकास कोषले हालै अशोकस्तम्भ नजिकै रहेको दियोसेड मायादेवी मन्दिर परिसरको पश्चिमपट्टी एकै दिन एक लाखसम्म दियो बाल्न मिल्ने गरी 'दियो स्थल' बनाइएको छ ।

उहाँले भन्नुभयो, "लुम्बिनी चिनाउने भनेकै अशोकस्तम्भले हो, त्यसैले विगतमा अशोकस्तम्भ नजिकै बालिँदै आएको दियोलाई अलि टाढा लैजाने विज्ञहरूको सुझाव थियो । सुझावअनुसार नयाँ दियो सेडक स्थापना गरिएको छ ।"

बुद्ध जन्मस्थल लुम्बिनीको अकाट्य प्रमाणका रूपमा अशोकस्तम्भलाई लिइन्छ । ई.पू. २४९ मा सम्राट अशोकले स्थापना गरेको अशोकस्तम्भमा कुँदिएको शिलालेख नै बुद्ध जन्मस्थल लुम्बिनी हो भन्ने ऐतिहासिक प्रमाणिक तथ्य हो ।

युनेस्कोले सन् २०११ मा गरेको अध्ययनमै लुम्बिनी वरिपरि निर्माण भएका उद्योगको धुवाँ, धुलो, सिमेन्टका कण र स्तम्भ नजिकै बालिएको बत्तीको धुवाँले अशोकस्तम्भको पुरातात्विक संरचनालाई नकरात्मक असर परेको देखाएको थियो । बत्ती बाल्दा त्यसबाट निस्कने कार्बन अशोकस्तम्भमा टाँसिएर पुरातात्विक संरचनमा नकारात्मक असर गरिरहेकाले त्यहाँबाट बत्ती बाल्नेस्थल हटाउन आफुहरूले सुझाव दिएको कोषका पुरातत्त्व महाशाखा प्रमुख एर्व वरिष्ठ पुरातत्त्वविद् हिमालकुमार उप्रेतीले बताउनुभयो ।

उहाँले लुम्बिनी वरिपरिका सिमेन्ट उद्योगबाट सिमेन्टका धुलो टाँसिएको, अशोकस्तम्भभित्र चढाउने विभिन्न सिक्का, दूधजस्ता फलफूलले समेत असर पारेको देखिएकाले सचेत हुनुपर्ने बताउनुभयो । सन् २०११ देखि २०१३ सम्म पवित्र बगैँचा क्षेत्रमा यूनेस्को जापानीज फण्ड एन्ड ट्रष्टको परियोजनाअन्तर्गत काम गर्दा दियो सेडक स्थानान्तरण गर्न सुझाव दिइएको उप्रेतीले बताउनुभयो ।

अशोकस्तम्भको सुरक्षा र लुम्बिनीमा पुग्ने तीर्थालुहरूलाई मध्यनजर गरी कोषले मायादेवी मन्दिर प्रवेशद्वारको पश्चिमपट्टी दियोस्थल निर्माण गरेको छ । अहिले एकैपटकमा आठ हजार बत्ती बाल्न सकिन्छ । कोषले दैनिकरूपमा एक लाख दियो बाल्न मिल्ने गरी दीर्घकालीन योजना बनाएको छ ।

गत माघ १२ गते उपाध्यक्ष डा. लामासहित खान्डो छिरिङमा रिपोन्छे, छोग्न्यी रिपोन्छे, टुङ्गो कर्मा साङम्बो रिपोन्छे र चिनियाँ चर्चित हलिउडका कलाकार जेटलीले दियो सेडकको उद्घाटन गर्नुभएको थियो । महायानी बौद्धिष्टहरूले आफ्नो परिवारको स्मृतिमा प्राय: दियो बाल्ने प्रचलन छ । बौद्धिष्ट बाहेक अन्य तीर्थालुलेसमेत लुम्बिनी पुगेपछि दियो बाल्ने प्रचलन बढ्दै गएको छ ।

व्यवस्थितरूपमा दियोस्थल निर्माण भएपछि धार्मिक एकता र सांस्कृतिक सम्बन्धसँगै कोषको आम्दानीमा समेत सघाउ पुऱ्याएको छ । माघ १२ देखि फागुन मसान्तसम्म रु. १३ लाख नौ हजार आठ सय बराबरको बत्तीबाट आम्दानी भएको कोषको लेखा शाखाले जनाएको छ । ***रासस***

## रासायनिक मल १० महिनादेखि गोदाममा

चौतारा, ८ फागुन । चीनबाट ल्याइएको रासायनिक मल दस महिनादेखि तातोपानी भन्सारको गोदाममा थन्किएको छ । एक सय ११ कन्टेनरले वैशाख महिनाभर ल्याएको सात लाख ३५ हजार बोरा रासायनिक मल लार्चा सुक्खा बन्दरगाह यार्डभित्र गोदाममा थन्किएको हो ।

कृषि सामग्री कम्पनी र आयातकर्ताबिच सहमति भए पनि मल गोदामबाट उठ्न नसक्दा अरू सामान लोड-अनलोड गर्न कठिनाइ परेको तातोपानी भन्सार कार्यालयका प्रमुख दयानन्द केसी बताउनुहुन्छ । खासा भएर तातोपानी सुक्खा बन्दरगाह आएका अन्य सामग्री भन्सार कार्यालयभित्र राखेर चेकजाँच गर्नुपर्ने अवस्था छ । रासायनिक मलको राजस्व असुल नहुने भएकाले कृषि सामग्री कम्पनी लिमिटेडले चिनियाँ सहरबाट झिकाएर सिधैँ राजधानी लाने गरेको उहाँले जानकारी दिनुभयो ।

भूकम्प र कोरोनापछि खुलेको तातोपानी नाकामा पाँच वर्षदेखि एकछत्र काम गर्दै आएको सिल्क कम्पनी अन्तर्गत रहेको सिल्क मार्केट प्रालिले चीनबाट मल आयात गरेको हो । सिल्क मार्केट प्रालिले नेपाल सरकारको कृषि सामग्री कम्पनी लिमिटेडबाट रासायनिक मल आयात गर्ने ठेक्का पाएको छ । ठेक्का आर्थिक वर्ष ०७९/८० मा सम्झौता भएको थियो ।

सम्झौताअनुसार सिल्क मार्केटले रासायनिक मल समयमै ल्याउन सकेन । गत वर्ष ल्याउनुपर्ने मल यो वर्षको जेठमा मात्रै आयात भएपछि कृषि सामग्री कम्पनीले मल लिन नमानेको सिल्क मार्केटका रमेश शेर्पा बताउनुहुन्छ । कृषि सामग्री कम्पनी लिमिटेडसँग कुराकानी गरिरहेको र प्रक्रिया पूरा भएपछि मल काठमाडौँ लगिने शेर्पा बताउनुहुन्छ । मल भन्सारमै थन्किँदा हिउँदे बाली लगाउने किसान भने समस्यामा परेका छन् । ***रासस***

## विष्णुमती करिडोरका अवैध संरचना हटाउन सुरु

काठमाडौँ, ८ फागुन । टोखास्थित विष्णुमति नदी आसपासमा अवैधरूपमा निर्माण गरिएका संरचना हटाउन सुरु गरिएको छ । टोखा नगरपालिकाले विष्णुमति नदी करिडोरलाई सुन्दर र व्यवस्थित बनाउनका लागि त्यस आसपासमा निर्माण गरिएका अस्थायी संरचना मङ्गलबार बिहान डोजर लगाएर हटाएको हो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर विसीले सार्वजनिक जग्गा मिचेर नदीको किनारामा निर्माण गरिएका संरचना डोजर लगाएर हटाइएको जानकारी दिनुभयो ।

टोखाले सार्वजनिक जग्गा संरक्षण गर्नका लागि वडा नं ४ का वडाअध्यक्ष धर्मेन्द्र श्रेष्ठको संयोजकत्वमा 'सार्वजनिक जग्गा संरक्षण समिति' निर्माण गरी सार्वजनिक जग्गा मिचेर अवैधरूपमा निर्माण गरिएका संरचना हटाएको हो ।

उक्त समितिले मङ्गलबार टोखा नगरपालिका-८ स्थित फ्लोरोसेन्ट स्कूल अगाडि निर्माण गरिएका संरचना हटाएको नगरपालिकाका उपप्रमुख मुरारी तामाङले जानकारी दिनुभयो । उहाँले टोखाभित्रको सार्वजनिक सम्पत्ति संरक्षणका लागि नगरपालिकाले काम गरिरहेको बताउनुभयो ।

नगरपालिकाले पहिलो चरणमा मनोरथ तीर्थदेखि टोखा प्रहरी चौकीसम्म विष्णुमति करिडोर आसपासमा निर्माण गरिएका संरचना हटाउने बताएको छ । नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले टोखावासीलाई विष्णुमति करिडोरबाट आवतजावत लागि सहज होस् भन्ने उद्देश्यले डोजर लगाइएको बताउनुभयो । टोखाभित्र एक हजारभन्दा बढी रोपनी सार्वजनिक जग्गा अतिक्रमण भएको भन्दै यसलाई संरक्षण गर्ने योजना नगरपालिका लागेको बताउनुभयो ।

संरचना हटाउने क्रममा स्थानीयले अवरोधसमेत गरेका थिए ।

फ्लोरोसेन्ट स्कूल आसपासमा नदीको किनारा आसपासमा घर बनाएर बस्दै आएका स्थानीयले नगरपालिका र प्रहरीलाई ढुङ्गामुढासमेत गरेका थिए । नगरपालिकाले केहीदिन अघि सूचना जारी गरेर सार्वजनिक जग्गामा बनेका संरचना हटाउन नगरवासीलाई आग्रह गरेको थियो । ***रासस***

। सम्पादकीय ।

# समाचारमा नेपाली काङ्ग्रेस

गठबन्धनका शासकहरूकै तर्फबाट धेरै 'भ्रष्टाचार' र 'सार्वजनिक जग्गा' बारे भएको अनेक अनियमितताले सरकारमाथि जनतामा वितृष्णा बढ्दै जाँदा नेपाली काङ्ग्रेसभित्र गठबन्धनप्रति नै प्रश्नचिह्न उठ्यो । 'काङ्ग्रेस महासमिति बैठकमा हार्दिकताको खडेरी', 'सभापति- महामन्त्रीबिच एजेन्डामै रस्साकस्सी', 'महासमिति सदस्यमा विवाद' जस्ता शीर्षक र उपशीर्षकले पाठक र जनताको ध्यान तान्यो ।

नेपाल समाचारपत्रको सम्पादकीयमा लेखियो, 'काङ्ग्रेसभित्रको वैचारिक सङ्कट' (नेपाल समाचारपत्र, ८ फागुन २०८०) ।

'राजधानी' दैनिकको मुख्य शीर्षक थियो, 'चुनावी गठबन्धन नगर्ने', 'महामन्त्री थापाको प्रतिवेदन देउवाको टाउको दुखाइ' महासमितिको बैठकमा 'सनातन हिन्दू राष्ट्रको एजेन्डा पूरक प्रस्तावको रूपमा पेस हुने' समाचारले नेपाली काङ्ग्रेसभित्र 'भारतीय हिन्दू महासभा' र भाजपाको युवा फ्रन्ट 'शिव सेनाको प्रभाव' बढ्दै गएको अनुमान गरिएमा आश्चर्य मान्नुपर्ने छैन । भनिन्छ, नेपाली काङ्ग्रेसभित्र झन्डै आधाभन्दा बढी काङ्ग्रेस युवाहरू हिन्दू राष्ट्रको पक्षमा नरम दृष्टिकोण राख्छन् ।

तर, अनेक छलफल र तिक्ततापछि 'काङ्ग्रेसमा मध्यराति सहमति', 'गठबन्धन नगर्ने, सङ्गठन बलियो बनाउने' समाचार शीर्षक देखेर काङ्ग्रेसी युवाहरूमा सन्तोषको छनक देखियो ।

महामन्त्री गगन थापाको साङ्गठनिक प्रतिवेदनमा उल्लेख छ - '...हामी सङ्कल्प गर्छौं कि नेपाली काङ्ग्रेसले भविष्यमा हुने आवधिक निर्वाचनहरू निर्वाचनपूर्व गठबन्धन (प्रिइलेक्सन एलायन्स) गरेर अब कहिल्यै आफ्ना मतदाताहरूलाई अन्य कुनै दलको चुनाव चिह्नमा मत हाल्ने अवस्था सिर्जना गर्नेछैन ।' (अन्नपूर्ण पोष्ट, ८ फागुन २०८०)

## सम्पत्ति छानबिन गर्ने प्रस्ताव

नेपाली काङ्ग्रेसका उपसभापति धनराज गुरुङको प्रस्तावनुसार वडाध्यक्षदेखि मन्त्री भएकाहरूसम्मको सम्पत्ति छानबिन गरौं भन्ने प्रस्ताव उद्घाटन सत्रमा राखिएको थियो । (नयाँ पत्रिका, ८ फागुन, २०८०) ।

नेपाली काङ्ग्रेसको महासमितिको बैठकमा निर्वाचनपूर्व कुनै पनि अन्य राजनैतिक दलसँग गठबन्धन नगर्ने भन्दाभन्दै सभापति शेरबहादुर देउवाले निर्वाचन नजिक आउने बेला कुन पार्टीभित्र के गर्नु उचित हुन्छ तत्कालीन परिस्थितिले निर्णय गर्ने बताएर 'गठबन्धन' लाई अस्वीकार गरेको देखिएन भन्ने एकथरीको विश्लेषण छ ।

## मिटरब्याजी वा बढी ब्याज लिने शोषक ?

सामन्ती समाजमा खेतीको निम्ति वा घरकाजको निम्ति साहुमहाजनसँग गरिब किसानहरूले आफ्ना गाउँले र नजिकको ऋण दिने मानिससँग ऋण माग्ने चलन थियो ।

भूमिसुधार कानुन आएपछि सयकडा १५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने कानुन बनेको थियो । तर, मिटरब्याजीहरूले नेपालीमा चक्रवर्ती ब्याज लिने गरेका थिए ।

अहिले सामान्य जनतामा विदेश जान वा अरू निर्माण कार्य गर्न पनि मिटरब्याजीसँग ऋण लिने गरेको देखियो । तर, २० हजार मुद्दामध्ये ५१८८ उजुरीवालाले मिलापत्र गरेको समाचार छ ।

'राजधानी पुग्दै मिटरब्याज पीडित' शीर्षकको समाचारमा २२ दिनअघि सुदूरपूर्वको काँकडभिट्टा र सुदूरपश्चिमको गड्डाचौकीबाट न्याय मार्चमा निस्किएका मिटरब्याज पीडित निर्णायक आन्दोलनको लागि काठमाडौं आउँदै गरेको समाचार पनि छापियो ।

गाउँपालिकामा समेत बैङ्कहरूको स्थापना भएको भए मिटरब्याजीहरूले जनतालाई दु:ख दिने पीडा कम हुने थियो कि भन्ने छलफल पनि आपसमा चल्दै छ ।

मिटरब्याज पीडितहरूको भागलाई संसदमा छलफल गर्नु उपयुक्त हुने हाम्रो ठहर छ ।

# उज्जन्ड ज्वारभाटाहरू
# इजरायली-प्यालेस्टिनी द्वन्द्वताका लालसागरको तनाव र समाधान

✍ झाओ वेड

गत अक्टोबरमा इजरायली-प्यालेस्टिनी तनाव बढेर तीव्र हिंसात्मक द्वन्द्वमा परिणत भएदेखि लालसागर क्षेत्र भूराजनीतिक द्वन्द्वको उज्जन्ड थलो भएको छ । प्यालेस्टिनसँग ऐक्यबद्धता जनाउन ठुला प्रदर्शनहरू गर्दै यमनको हुथी लडाकु समूहले इजरायल वा इजरायलका बन्दरगाहतिर लाग्ने मालबाहक जहाजहरूलाई लक्षित गरी बम हान्ने कार्यलाई तीव्र पारेको छ ।

अमेरिका र बेलायतले यमनलाई लक्षित गरी हुथीको विरुद्ध १२




जनवरीदेखि १८ सम्म चौथोपटक बमबारी गरे । यही बेला जनवरी १७ मा यमनविरुद्ध 'अमेरिका र बेलायती आक्रमण' को जवाफमा प्यालेस्टिनी जनताको समर्थनमा एडेनको खाडीमा संयुक्त राज्य अमेरिकी जहाजमाथि एउटा क्षेप्यास्त्र आक्रमण गरेको हुथीहरूले दाबी गरे ।

हुथीले सञ्चालन गरेको अल मासिराह टेलिभिजनबाट प्रसारित एउटा वक्तव्यमार्फत हुथीका सैन्य प्रवक्ता याहिया सारियाले भने, "यमनलाई सुरक्षा गर्नु र पीडित प्यालेस्टिनी जनताको पक्षमा निरन्तररूपमा समर्थन जनाउनु हाम्रो नैसर्गिक अधिकारभित्र परेको हुनाले हाम्रा सैन्य शक्तिहरू अरब सागर र लाल सागरमा देखापरेका धम्कीका सम्पूर्ण स्रोतहरूलाई निशाना बनाउन हिच्किच्याउने छैन ।"

सारिया अगाडि भन्छन्, "संयुक्त राज्य अमेरिका र ब्रिटेनबाट गरिएको कुनै पनि नयाँ आक्रमणको जवाफ र दण्डबिनाको हुनेछैन । प्यालेस्टिनी अधिनस्थ गाजा क्षेत्रलाई इजरायलले आक्रमण गर्ने र कब्जा गर्ने काम अन्त्य नगरेसम्म हाम्रो सैन्य कारबाही निरन्तररूपमा अगाडि बढ्नेछ ।"

जनवरी १७ मा हुथी समूहमाथि संरा अमेरिकाले 'आतङ्ककारी' को पगरी गुथाएको ३० दिनमा सोको औपचारिकरूपमा कार्यान्वयनमा उत्रिने भएपछि उक्त भनाइ आएको हो ।

आतङ्ककारी भनी उत्तेजना फैलाउने उक्त कार्यले गाजा क्षेत्रको स्थिरता टुट्ने मात्रै होइन, कूटनीतिक तवरले लालसागरको स्थिरतालाई व्यवस्थित गर्ने तवर तरिकालाई समेत चुनौती दिइरहेको इङ्गित गर्दछ ।

**द्वन्द्व छरपस्ट फैलियो**

स्वेज नहर जसले लालसागर र भूमध्य सागरलाई जोड्छ, जहाँ एसिया र युरोपीय बन्दरगाहबिच विश्वव्यापी व्यापारको निम्ति व्यापारिक जहाजहरू ओहोरदोहर गर्छन्, त्यो विश्वकै महत्त्वपूर्ण जलमार्गको रूपमा रहेको छ ।

जहाजीय र तटीय अनुसन्धान कन्सल्टेन्सीमा क्लार्कसन्सद्वारा प्रस्तुत गरिएको तथ्याङ्कबाट उक्त नहरको महत्त्व कत्तिको छ भन्ने कुरा दर्साउँछ । संसारको मालबाहक जहाजहरूको सञ्चालनमा ४५ प्रतिशत क्षमता यसले ओगट्छ, अटोमोबाइल बोक्ने जहाजको ६० प्रतिशत ढुवानी यहीँबाट हुन्छ र इन्धन लाने जहाजको महत्त्वपूर्ण हिस्सा यसैले ओगटेको छ । उदाहरणको लागि तेलका ट्याङ्करहरूको ९ प्रतिशत यहीँबाट ढुवानी हुनेबारे उक्त कम्पनीको २०२२ को तथ्याङ्कले देखाउँछ ।

लालसागरमा भएको बढ्दो लगातारको आक्रमणकै कारण समुद्र तटवर्ती कम्पनीहरूले आफ्ना जहाजहरू उक्त जलमार्गमा वारपार गर्न छाडिसकेका छन् । गत साल १५ डिसेम्बरमा विश्वकै दोस्रो सबभन्दा ठुलो जहाजी कम्पनीको बेडा माएर्स्कले हुथीद्वारा आफ्ना दुईओटा जहाजमा आक्रमण गरेलगत्तै लालसागर र एडेनको खाडीसँग जोडिएको आसपासको क्षेत्रमा आफ्ना कारोबारहरू अनिश्चितकालीनरूपमा निलम्बन गरेको घोषणा गरे । उक्त निर्णयले एसिया युरोपका धेरैजसो जहाजी कम्पनीहरू पनि श्रृङ्खलाबद्धरूपमा प्रतिक्रिया जनाउन तानिए । जहाजी कम्पनी कन्सलटेन्सी फर्म अल्फालाइनस्का अनुसार लालसागरमा सञ्चालित संसारको करिब ८५ प्रतिशत मालबाहक जहाज कारोबारको क्षमता राख्ने लालसागर अहिले बन्द हुने अवस्थामा पुगेको छ । तिनीहरूले एसिया युरोप मार्गहरूमा पार्ने प्रभाव अझ बढी देखिने छ । त्यहाँको क्षमताको ९५ प्रतिशतभन्दा बढीलाई यसले प्रभावित पार्नेछ ।

अन्तर्राष्ट्रिय अध्ययनबारे पश्चिमी एसियाली र अफ्रिकी अध्ययनको लागि शाङ्घाई इन्स्टिच्युटमा काम गर्ने वरिष्ठ अनुसन्धानकर्ता जिन जियाङ नियाङले पेइचिङ रिभ्यूलाई भने, "हुथी समूह अरब संसारको एउटा हिस्सा नै बनिसकेको छ । तिनीहरूले प्यालेस्टिनी मुक्ति सङ्घर्षसँगको गठबन्धनलाई कसिलो बनाएका छन् । लालसागरमा इजरायली-अमेरिकी स्वार्थलाई तिनीहरूले खासगरी हान्नुको अर्थ झाँगिँदै गएको मानवीय सङ्कटलाई टार्न युद्धविराम गर्ने माग राखेर आफ्नो भावनालाई प्रतिबिम्बित गराउनु नै हो ।"

लालसागर क्षेत्रको मामिला र अन्तर्राष्ट्रिय जहाजी कारोबारमा त्यसको प्रभाव इजरायली-प्यालेस्टिनी द्वन्द्वमा आएर नै ठोकिन आउने हो । यो अवस्थाले क्रमिकरूपमा श्रृङ्खलाबद्ध तरिकाले सैन्य संलग्नता सुरुवात हुन कारकतत्त्व बनेको छ । यो कुरा बम प्रहार र हत्याकाण्डबाट पुष्टि हुन्छ । ३ जनवरीमा ९२ जना हताहत हुने गरी भएको बमबारीले इरानको केरमनमा भएको दु:खद घटना एउटा मर्मस्पर्शी उदाहरण हो । लेबनान-इजरायलको सीमा र इराक र सिरियामा भएको बारम्बारको हानाहानले गाजा किनारी क्षेत्रको सम्भावित द्वन्द्वको आगोमा घिउ थप्ने काम भइरहेको छ जसले गर्दा क्षेत्रीय तनावलाई निकै ठुलो परिमाणमा चर्काएको छ ।

*पेचिङ रिभ्यु, जनवरी २५, २०२४*

*अनुवाद : विजय*

# विश्वव्यापी अमेरिकी प्रभुत्व समाप्त पार्ने माध्यमः 'डि-डलराइजेसन' -२

✍ राजन

हालको समयमा विश्व अर्थव्यवस्था डि-डलराइजेसन हुनुपर्ने तातो बहसको विषय बनेको छ । अमेरिकाले डलरलाई राजनीतिक उपकरणको रूपमा प्रयोग गर्दा रुस डि-डलराइजेसनको पक्षमा मुखररूपले अगाडि आएको छ । विदेशमा जम्मा गरिएका रुसी सम्पत्तिहरू जफत गरेर युक्रेनलाई दिने अमेरिकी योजनाविरुद्ध रुसले अमेरिकी मुद्रा डलरको प्रयोगलाई नै बन्द गर्ने चेतावनी दिएको छ । अमेरिकाको यस्तो अहङ्कारी गतिविधिले अमेरिकी डलरको विश्वसनीयतालाई उल्टै कमजोर बनाएको छ । रुसले आफ्नो सार्वभौम सम्पत्ति हडप्ने कुनै पनि प्रयासलाई गैरकानुनी मान्दछ । अमेरिकाको कार्य स्वार्थी राजनीतिक लक्ष्यहरूबाट प्रेरित छ । रुसी राज्यको सम्पत्ति जफत गर्ने कार्य अन्तर्राष्ट्रिय कानुनको विपरीत मात्र होइन, प्राकृतिक नियमको विरुद्ध पनि जान्छ । यो घटनाले समझदार मुलुकहरूलाई डलर त्याग्न गम्भीररूपमा विचार गर्न बाध्य पार्नेछ । कतिपयले अमेरिकी प्रतिबन्धहरू र विदेश नीतिको प्रतिक्रियामा डि-डलराइजेसनको लागि आह्वान गरिरहेका छन् भने धेरै देशहरूलाई अमेरिकी डलर छोड्ने सोच बनाउन बाध्य तुल्याइरहेको छ । एक पटक फेरि यसले बहुध्रुवीयताको तत्काल आवश्यकता पुष्टि गर्दछ ।

रुसविरुद्ध युक्रेन सम्बन्धित प्रतिबन्धका कारण युरोपेली सङ्घ, अमेरिका, जापान र क्यानडाले २०२२ मा रुसी केन्द्रीय बैङ्कको करिब ३०० अर्ब डलरको सम्पत्ति रोक्का गऱ्यो । लगभग २०० बिलियन युरोपमा रहेको छ भने ठुलो मात्रामा बेल्जियम क्लियरिङ हाउसमा छ । ब्रसेल्सले हाल यी कोषहरूबाट पाएको नाफामा अप्रत्याशित नाफा कर लागु गर्ने योजनाहरूमा काम गरिरहेको छ । यद्यपि, यसले युरोजोनको आर्थिक स्थायित्वलाई कमजोर पार्न सक्ने भन्दै उक्त समूहकै धेरै मुलुक चिन्तित छन् ।

**के चीनको युआन सबैभन्दा आकर्षक विकल्प हो ?**

नाटकीयरूपले विश्वव्यापी अर्थतन्त्रमा चिनियाँ युआनको पक्षमा रहेर धेरै देशहरू अमेरिकी डलरबाट टाढा जान खोज्दै छन् । विश्वव्यापी मुद्रा बजारहरूमा डलरविरुद्ध विद्रोह भइरहेको छ । त्यसैले चिनियाँ मुद्रा युआन डलरको लागि सबैभन्दा ठुलो खतरा मानेका छन् । लगभग आठ वर्षको अवधिमा विभिन्न देशहरूले चिनियाँ युआनलाई आफ्नो विदेशी मुद्राको विविधीकरणमा समावेस गरेका छन् । विश्लेषकहरूले पछिल्लो समयमा चीनसँगको व्यापारको लागि युआनको प्रयोगमा तीव्र वृद्धि भएको बताएका छन् । युआनले विगत केही वर्षहरूमा विश्वव्यापी संस्थागत स्विफ्ट भुक्तानीहरूमा पनि बढ्दो साझेदारीको लाभ उठाएको छ ।

युक्रेन द्वन्द्वका कारण पश्चिमेली अन्तरदेशीय भुक्तानी प्रणाली स्विफ्ट (Society for Worldwide Interbank Financial Telecommunications) प्रणालीबाट रुसलाई अलग गरेपछि रुस युआनलगायतका अन्य समाधानका विकल्पहरूतिर फर्के । युआनको प्रयोगमा रूस निकै अगाडि छ । रुसलाई युरो र डलरमा कारोबार गर्न प्रतिबन्ध लगाउने पश्चिमी वित्तीय प्रणालीको कठोर हतियारको असर भोग्दै रुसले विदेशी व्यापारमा युआनको प्रयोग बढ्दो रूपमा गरिरहेको छ ।

मस्को एक्सचेन्जमा सबैभन्दा बढी कारोबार हुने मुद्रा युआन बनेको छ । सन् २०२२ को उत्तरार्द्धमा भएको पुनर्संरचनापछि युआनले अब रुसको सार्वभौम सम्पत्ति कोषमा थप प्रमुख स्थान पाएको छ । यसको उद्देश्य पश्चिमेली देशहरूको मुद्राहरूमा रूसको जोखिम कम गर्नु हो । यसैबिच धेरै प्रमुख रुसी कर्पोरेटहरूले विगत दुई वर्षमा युआन निर्धारित ऋणपत्र जारी गरेका छन् । यसले युवान व्यापारमा मात्र सीमित नरही ऋण जारी गर्नसमेत प्रयोग भएबाट युवानको बढ्दो महत्त्वलाई झल्काउँछ ।

चिनियाँ मुद्राको प्रयोगमा रुस एक्लै छैन । हालैका वर्षहरूमा धेरै मुलुकहरूले युआन प्रयोग गर्न थालेका छन् भने त्यसो गर्ने विचार थुप्रै देशहरूले गरिरहेका छन् । रुस र 'ग्लोबल साउथ' का धेरै देशहरूले डलरको बढ्दो आधिपत्यबाट आफूलाई मुक्त गर्न खोज्दा युआनको प्रमुखता बढ्दै गएको छ । UNCTAD द्वारा विश्वका देशहरूको आर्थिक वर्गीकरण

बाँकी पृष्ठ ११ मा

# नाटोले रुस–युक्रेन द्वन्द्वलाई 'विश्वयुद्ध' तर्फ धकेलिरहेको छ




नाटोका महासचिव जेन्स स्टोल्टनबर्गले हालै युक्रेनलाई सहयोग जारी राख्ने र रुस-युक्रेन द्वन्द्वको बिचमा युक्रेनका लागि हतियारको निरन्तर आपूर्ति सुनिश्चित गर्ने विषयमा छलफल गर्ने उद्देश्यले संरा अमेरिकाको भ्रमण गरेका थिए। यसमा युक्रेनलाई सहयोग गर्न थप ६० अर्ब डलरको सहायता प्याकेज र ५४.५ अर्ब डलरको चारवर्षे बजेटको स्वीकृति समावेश छ।

संरा अमेरिकामा स्टोल्टेनबर्गको अन्तर्वार्ता वा भाषणहरूमा उनले बारम्बार चीनलाई उल्लेख गरे। स्पष्टरूपमा उनले चीनलाई नाटोका लागि 'चुनौती' को रूपमा राखे। यस्तो देखिन्छ कि विश्वको सबैभन्दा ठूलो सैन्य सङ्गठनको नेताले अब रुस-युक्रेन द्वन्द्वको परिभाषालाई युरोपमा सीमित गर्दैन, बरु यसलाई व्यापक विश्वव्यापी भूराजनीतिक द्वन्द्वको सूचकको रूपमा हेर्छ। परिणामको रूपमा, उनले नाटोको विश्वव्यापी विस्तारको लागि वैधता खोज्दै छन्। विस्तार नाटोको आन्तरिक आवश्यकता हो, जबकि युद्ध बाह्य आवश्यकता हो। युद्धबिना यो सैन्य सङ्गठनले आफ्नो औचित्य गुमाउनेछ। नाटोको स्पष्ट लक्ष्य हुनुपर्छ। यदि यो छैन भने त्यसलाई सिर्जना गर्नुपर्छ।

शीतयुद्धको अन्त्यपछि वारसा सन्धि सङ्गठनको विघटनपछि, नाटोले आफ्नो भविष्यको दिशाको खोजी गरिरहेको छ। डिसेम्बर १९९८ मा तत्कालीन अमेरिकी विदेश सचिव मेडेलिन अल्ब्राइटले एक बैठकमा नाटोको रणनीतिक समायोजनमा वाशिङ्गटनको विचारलाई रेखाङ्कित गरिन्। नाटोलाई आफ्नो रक्षा क्षेत्रभन्दा बाहिरका सङ्कटहरूमा छिटो प्रतिक्रिया दिन सक्षम बनाउन 'सामूहिक रक्षा' को सिद्धान्तलाई 'गठबन्धन हितहरूको रक्षा' को रूपमा नयाँ व्याख्या गरिनुपर्छ भन्ने उनको विश्वास थियो।

रुसले नाटोको पूर्वतर्फको विस्तारमा प्रतिक्रिया दिन जारी राख्दा नाटोको ध्यान रुसतर्फ सिधै केन्द्रित छ। रुस-युक्रेन द्वन्द्वको विपत्तिले नाटोको एकतालाई बलियो बनाएको छ, कम्तीमा यसका नेताहरू सङ्गठनलाई अझ बलियो बनाउनुपर्छ र आफ्नो पहुँच फराकिलो बनाउनुपर्छ भन्ने विश्वास गर्नेतिर अगाडि बढेका छन्। नाटोको अर्को लक्ष्य एसिया हो।

आफ्नो भ्रमणको क्रममा, स्टोल्टेनबर्गले लगातार रुस-युक्रेन द्वन्द्वमा चीनलाई जोडे। हेरिटेज फाउन्डेसनमा एक भाषणमा उनले रुसको विजयले उत्तर (प्रजग) कोरिया, इरान र चीनजस्ता अन्य देशहरूमाथि बल प्रयोग गर्न सशक्त बनाउने दाबी गरे।

यसबाहेक, फक्स न्यूजसँगको अन्तर्वार्तामा उनले स्पष्ट रूपमा जोड दिए, 'आज यो युक्रेन हो, भोलि यो ताइवान हुनसक्छ।' उनले २०१७ मा चीनतर्फको रणनीति समायोजन गर्नका लागि पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पनि उच्च प्रशंसा गरे, जसले युरोपेली सहयोगीहरूलाई 'चीनले खडा गरिएका चुनौतीहरू' लाई पूर्णरूपमा बुझ्न मद्दत गर्न नाटोलाई नेतृत्व गरेका थिए।

स्पष्टरूपमा, यो नाटो कोष खोज्ने मात्र होइन। यो रुस-युक्रेन द्वन्द्वलाई विश्वयुद्धमा विस्तार गर्न जनमतको स्पष्ट तयारी हो। नाटोलाई थप राजनीतिक सङ्गठनमा रूपान्तरण गर्ने छलफलदेखि हालको राज्यसम्म, जहाँ यसले रुसलाई पहिलो लक्ष्यको रूपमा हेर्छ र चीनलाई सम्भावित शत्रु मान्दछ। यो स्पष्ट छ कि नाटोको रणनीतिक समायोजन र विस्तार लक्ष्यहरू अझ स्पष्ट हुँदै गइरहेका छन्।

नाटोको विश्वव्यापी रणनीतिक समायोजनले ठूलो जोखिम र अनिश्चितता ल्याउँछ। स्टोल्टेनबर्गका शब्दहरूबाट हामीले सुनेका छौं कि नाटोका पाइलाहरू एसियातिर बढिरहेका छन् र तिनीहरू राम्ररी तयार छन्।

नाटोद्वारा यो रणनीतिक समायोजनले छोटो अवधिमा यसको आन्तरिक एकता बढाउन सक्छ र अमेरिका र पश्चिमद्वारा आयोजित विश्वको सबैभन्दा शक्तिशाली सैन्य शक्तिको रूपमा आफ्नो स्थितिलाई निरन्तरता दिन सक्छ। तथापि, दीर्घकालीनरूपमा, यसले विश्वव्यापीरूपमा थप विभाजन र टकराव निम्त्याउन सक्छ, जसले अन्तर्राष्ट्रिय सम्बन्ध र चीन वरपरको सुरक्षा वातावरणलाई गहिरो रूपमा असर गर्छ। एकपटक नाटो एशियामा विस्तार गर्न थालेपछि, यसले विश्वव्यापी भूराजनीतिक तनावलाई मात्र बढाउने होइन, यसले हतियारको दौड र क्षेत्रीय द्वन्द्वहरू पनि बढाउन सक्छ। नाटोको प्रगति र विश्वव्यापी विस्तारको रूपमा युद्धको खतरा अनिवार्य रूपमा बढ्नेछ र प्रभावितहरू एसियामा सीमित हुनेछैनन्।

***-ग्लोबलटाइम्स अनलाइनबाट***
***अनुवाद : प्रकाश***

# शान्तिको लागि कहिल्यै ढिलो हुँदैन

✍ **लिआंग जिओ**

युरोपको रक्षालाई सुदृढ बनाउन संरा अमेरिका र गठबन्धनका अन्य भागहरूबाट तुरुन्तै सेनाहरू तैनाथ गर्ने नाटोको क्षमतालाई महत्त्व दिने र सम्मान गर्ने अभ्यास स्टेडफास्ट डिफेन्डर २०२४, जनवरी २४ मा आधिकारिक रूपमा सुरुगऱ्यो।

सबै ३१ नाटो सदस्य राष्ट्रहरू र स्वीडेनका लगभग ९०,००० कर्मचारीहरूले सक्रिय रूपमा गठबन्धनमा सामेल हुन खोजिरहेका छन्, चार महिना लामो ट्रान्सएट्लान्टिक उपक्रममा भाग लिइरहेका छन्, जुन शीतयुद्धको समयमा १९८८ रिफर्जर ड्रिलपछि सबैभन्दा ठूलो नाटो सैन्य अभ्यास हो।

शीर्ष अधिकारीहरूले भनेका छन् कि अभ्यासको उद्देश्य गठबन्धनले रसियासँगको सीमासम्म आफ्नो सबै क्षेत्रको रक्षा गर्न सक्छ भनेर देखाउने लक्ष्य राखेको छ।

प्रतिक्रियामा, रूसी कूटनीतिज्ञहरूले चेतावनी दिएका छन् कि नाटोको "जानीजानी उत्तेजना" ले रूस र नाटो सदस्य राष्ट्रहरूबिच सैन्य द्वन्द्वको जोखिम बढाउन सक्छ, जसले युरोपको लागि "दुःखद परिणाम" निम्त्याउन सक्छ।

अझ अगाडि रुसी राष्ट्रपति भ्लादिमिर पुटिन आर्थिक र सामाजिक विकासलाई प्रवर्द्धन गर्न जनवरी २५ मा पोल्याण्ड र लिथुआनियाको बीचमा रहेको रूसी उत्खनन कालिनिनग्राद ओब्लास्टमा आइपुगे। युरोपमा रुसको पकड भएकोले बाल्टिक तटमा रहेको यो रणनीतिक रूपमा महत्त्वपूर्ण क्षेत्र २०२२ देखि रूसविरुद्ध ईयूको आर्थिक प्रतिबन्धहरूको केन्द्रबिन्दु भएको छ।

रिपोर्टहरूले सङ्केत गर्दछ कि नाटो देशहरूका धेरै वरिष्ठ अधिकारीहरूले ग्रीष्म २०२५ को सुरुमा, बेलारुस र कालिनिनग्राद बीचको रोलिङ फिल्डहरू, जङ्गलहरू र तालहरूको पातलो बसोबास भएको सुवाल्की ग्यापमा रूसी र नाटो सेनाहरूबिच नयाँ द्वन्द्वको सम्भावनाको बारेमा चेतावनी दिएका छन्।

युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले जनवरीको अन्तमा जर्मनीमा एक अन्तर्वार्तामा तेस्रो विश्वयुद्धको जोखिम उठाए। समग्रमा, यस्तो देखिन्छ कि रूस–युक्रेन द्वन्द्व बिस्तारै तर निश्चित रूपमा लम्बिदैछ।

यद्यपि, यो सम्भव छ कि घटनाहरू फरक तरिकामा प्रकट भइरहेका छन् - लामो समयदेखि रोकिएको शान्ति अन्ततः यस द्वन्द्वको क्षितिजमा हुन सक्छ जहाँ कोही विजयी हुनेछैन।

अपेक्षाकृत तटस्थ अडानका साथ हेर्दा द्वन्द्वले पश्चिम र रुस दुवैको उद्देश्य हासिल गर्न असफल भएको छ। संयुक्त राज्य अमेरिकाको नेतृत्वमा पश्चिमले युद्धको पहिलो वर्षमा युक्रेनलाई पर्याप्त सैन्य सहायता र प्राविधिक सहयोग प्रदान गरेको थियो। "प्रजातन्त्र र स्वतन्त्रताका मूल्यहरूको रक्षा" को आडमा युक्रेनलाई रुसलाई नियन्त्रणमा राख्न प्यादाको रूपमा प्रयोग गर्दा, रसियाले कुनै पनि पश्चिमी देशलाई कुनै पनि प्रकारको खतरा नपरोस् भनी सुनिश्चित गर्ने लक्ष्य धेरै राम्रो हुन सक्छ। तर कडा अन्तर्राष्ट्रिय प्रतिबन्धहरूका बाबजुद पनि रुस पछि हटेको छैन।

त्यसोभए पछिल्ला उद्देश्यहरूको बारेमा के हुन्छ ? रुसले फेब्रुअरी २०२२ मा युक्रेनको पश्चिमा समर्थक सरकारलाई तुरुन्तै रोकन पार्ने र नाटोको पूर्वतर्फको विस्तारलाई सुस्त बनाउन थाल्यो। अहिलेसम्म त्यसले पनि गर्न सकेको छैन। हाल, युक्रेनी युद्धभूमिमा, दुबै युद्धरत पक्षहरू २,००० किलोमिटर फैलिएको फ्रन्टलाइनमा गतिरोधमा बन्द छन्, कुनै पनि पक्षसँग अर्कोलाई पराजित गर्ने क्षमता छैन।

यसबाहेक, रुसको सैन्य कारबाहीले नाटोको विस्तारलाई रोक्न सकेको छैन। पुटिन कालिनिनग्राद आइपुगेकै दिन टर्किएले स्वीडेनको नाटोमा प्रवेशलाई आधिकारिक रूपमा अनुमोदन गऱ्यो। लिखित रूपमा नाटो सदस्य देशहरूमध्ये, केवल हङ्गेरीले आधिकारिक रूपमा स्वीडेनको पहुँचलाई अनुमोदन गरेको छैन।

हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले यसअघि स्वीडेनको नाटो सदस्यताका लागि आफ्नो देशको समर्थन व्यक्त गरेका थिए।

आफ्नो भूराजनीतिक सुरक्षाको रक्षा गर्न रुसको प्रयासहरूले, बरु विडम्बनापूर्ण रूपमा, छिमेकी देशहरू बीच असन्तुष्टि पैदा गरेको छ र केही हदसम्म नाटोभित्र एकतालाई बलियो बनाएको छ, फलस्वरूप यो सैन्य गठबन्धनको विस्तारलाई गति दिएको छ। यो सम्भवतः रूसी निर्णय निर्माताहरूले आशा गरेको नतिजा होइन।

जानकारी भएसम्म यो युद्ध एक अनावश्यक थियो। वार्ता, युद्धविराम र साँचो शान्ति प्राप्त गर्नु सबै सम्बद्ध पक्षहरूका लागि उत्तम सम्भावित परिणामहरू हुन्। युक्रेन र रुस दुवैले ठूलो नोक्सानी बेहोरेका छन् र पश्चिमले यस स्पष्ट गतिरोधमा थप स्रोतहरू लगानी गर्न जारी राख्न सक्दैन। जनवरी २३ मा उदाहरणका लागि, अमेरिकी रक्षा विभाग पेन्टागनले युक्रेनका लागि "अहिले" थप पैसा नभएको घोषणा गऱ्यो।

डच मानवतावादी विद्वान डेसिडेरियस इरास्मस (१४६६-१५३६) ले एक पटक भनेका थिए, "सबैभन्दा हानिकारक शान्ति सबैभन्दा न्यायपूर्ण युद्ध भन्दा राम्रो छ।"

***पेइचिङ रिम्युबाट***
***अनुवाद: अभिनव***

# युक्रेनको अवडिभ्का नियन्त्रणपछि युद्ध कसरी विकसित हुनेछ

✍ **हु सिजिन**

त्यहाँ ठूलो विकास छ। युक्रेनी कमाण्डर-इन-चीफ ओलेक्जेन्डर सिर्स्कीले शनिबार अचानक घोषणा गरे कि डोनेट्स्क क्षेत्रको अवडिभ्काबाट युक्रेनी एकाइहरू फिर्ता गर्ने निर्णय गरे। यो युक्रेनी युद्धभूमिमा गत वर्षको मे यताकै सबैभन्दा महत्त्वपूर्ण परिवर्तन र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको पक्षमा पछिल्लो प्रवृत्ति हो। रुसमा अर्को महिना राष्ट्रपतीय निर्वाचन हुँदैछ र पुटिनले आफ्नो पाँचौं कार्यकाल जित्ने पश्चिमी जनमतमा व्यापक अपेक्षा गरिएको छ।

बारम्बारको युद्धपछि, रूसी सेनाले गत वर्ष मे महिनामा डोनेट्स्क शहरको उत्तरमा अवस्थित बाख्मुतको रणनीतिक यातायात केन्द्र कब्जा गऱ्यो। तबदेखि, अवडिभ्का यो युद्धमा नयाँ 'वधशाला' भएको छ। नयाँ युक्रेनी कमाण्डर-इन-चीफ सिर्स्कीले सोशल मिडियामा भने कि अवडिभ्का छोड्नु भनेको 'तनावको परिवेशबाट जोगिन र सैनिकहरूको जीवन र स्वास्थ्यको संरक्षण गर्नु हो।'

उनले यो पनि जोड दिए कि "हाम्रा सिपाहीहरूले आफ्नो सैन्य कर्तव्य सम्मानका साथ पूरा गरे, सबैभन्दा राम्रो रूसी सैन्य एकाइहरू नष्ट गर्न सम्भव सबै प्रयास गरे र जनशक्ति र उपकरणको सन्दर्भमा दुश्मनलाई महत्त्वपूर्ण क्षति पुऱ्याए।" युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले सेना फिर्ता गर्नु सही निर्णय भएको बताएका छन्।

अमेरिकी सञ्चारमाध्यम सीएनएनले अवडिभ्काको हार युक्रेनको लागि एक निस्सन्देह झटका भएको टिप्पणी गऱ्यो। न्यूयोर्क टाइम्सले युक्रेनी सेनाको अवडिभ्काबाट पछि हटेको अराजक अवस्थाको वर्णन गऱ्यो, एउटा विवरणमा भनिएको छ कि कमाण्डरले उनीहरूलाई घाइतेहरूलाई पछाडि छोड्न आदेश दिएका थिए, तर 'उनी घाइते मानिससँग कुरा गरिरहेको थाहा थिएन।'




युक्रेनी सेनाको फिर्ती अवडिभ्काबाट तब भयो जब जो बाइडेनको विदेशी सहायता विधेयकको अनुमोदनको लागि अनुरोधको अमेरिकी संसद् (काङ्ग्रेस) मा रिपब्लिकन पार्टीद्वारा अवरोध गरिएको थियो। संरा अमेरिका सधैँ कीभको सबैभन्दा ठूलो बाह्य प्रायोजक भएको छ, र बाइडेनले युक्रेनको लागि २०२४ सहायता बजेट ४६० अर्ब अमेरिकी डलर अनुरोध गरेको छ। जेलेन्स्कीले हालै जर्मनी, फ्रान्स र बेलायतबाट २०२४ का लागि क्रमशः ७.५ अर्ब अमेरिकी डलर, ३.२ अर्ब अमेरिकी डलर र ३.१ अर्ब अमेरिकी डलरको सहयोगको वाचा प्राप्त गरेको छ, जसलाई प्रस्तावित ४६० अर्ब अमेरिकी डलरसँग तुलना गर्न सकिँदैन।

युक्रेनका लागि बाइडेनको सहायता विधेयक डेमोक्र्याट-नियन्त्रित सिनेटमा पारित भएको छ, तर रिपब्लिकन-नियन्त्रित प्रतिनिधि सभामा यसले ठूलो अवरोधहरूको सामना गरिरहेको छ। यो अन्ततः पारित हुने कुरालाई नकार्न नसकिने भए पनि, पश्चिमी समर्थन अविश्वसनीय भएको छ र यो छाप युक्रेनी युद्धको समग्र स्थितिमा बिस्तारै फैलिएको छ। किभको विश्वास र दीर्घकालीन अपेक्षाहरूलाई कमजोर बनाउँदै र रुसको मनोबल बढेको छ।

युक्रेनी युद्ध फेब्रुअरी २४ मा यसको दुई वर्षको अवधिमा पुग्ने छ, र यो एक विशिष्ट युद्धको मानक भएको छ, सम्पूर्ण पश्चिमका स्रोतहरू र दृढ सङ्कल्प रूसविरुद्ध खडा गरि एको छ। अहिलेसम्म रुसले राष्ट्रव्यापी युद्ध परिचालन सुरु गरेको छैन। अमेरिकी पत्रकार टकर कार्लसनले भर्खरै मस्कोमा पुटिनसँग अन्तर्वार्ता लिएपछि, उनले सहरको आधारभूत अवस्थाको केही फुटेज लिए, जसमा सुपरमार्केटहरूमा धेरै सामानहरूले भरिएका शेल्फहरू देखाउँछन्। कार्लसनले सीधा क्यामेरालाई भने कि प्रतिबन्धले काम गरेको छैन। अवडिभ्काको युद्धभूमिमा युक्रेनी पक्षले रूसी सेनाको तोपखाना गोला युक्रेनी सेनाको भन्दा १० गुणा बढी भएको दावी गरेको छ।

कार्लसनसँगको अन्तर्वार्तामा पुटिनले रुसले पोल्याण्ड वा तीन बाल्टिक देशमाथि आक्रमण नगर्ने बताए। पश्चिमी नेताहरूले उनको लामो भाषणको आलोचना गरे तापनि रूसी आक्रमण र सामरिक आणविक हतियारको प्रयोगको बारेमा युरोपेलीहरूको चिन्ता केही समयदेखि घट्दै गएको छ। यसले युक्रेनलाई पश्चिमको दीर्घकालीन, बिनाशर्त समर्थनलाई असर गर्नेछ। रसियाले बलियो युद्ध क्षमता र घरेलु स्थायित्व कायम राख्दै युद्ध यसरी रह्यो भने, युक्रेनलाई समर्थन गर्ने पश्चिमाहरूको धैर्यता कमजोर हुनेछ र केही अधीरता उत्पन्न हुन सक्छ, जुन क्रेमलिनले आशा गरेको छ। युक्रेनी युद्ध चाँडै तेस्रो वर्षमा प्रवेश गर्नेछ, सहनशीलताको परीक्षा बन्नेछ। रूसको सहनशीलताको सीमा मापन र नयाँ परीक्षण गरिनेछ।

***(लेखक चिनियाँ सञ्चारकर्मी हुन्।)***
***-ग्लोबल टाइम्सबाट***
***अनुवाद : प्रकाश***

मजदुर
९ फागुन, २०८० (21 Feb., 2024) विज्ञापन ७


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
देश र जनतामा समर्पित

# खवप माध्यमिक विद्यालय खवप कलेज खवप कलेज अफ ल

देकोचा-६, भक्तपुर, *Email: info@khwopacollege.edu.np*, Fax: 6615916, Phone No. 01-6610932, 6618031, 6614880

## खवप माविको चौबिसौं, खवप कलेजको बाइसौं र खवप कलेज अफ लको पहिलो वार्षिक उत्सव कार्यक्रम (फागुन ९, १० र ११) को सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**उद्घाटन कार्यक्रम : २०८० फागुन ९ गते, बुधबार, समय : बिहान १०:०० बजे, स्थान : खवप कलेज प्राङ्गण**

**शैक्षिक प्रदर्शनी : २०८० फागुन १० गते, बिहीबार, समय : बिहान ११:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म ,स्थान : खवप कलेज प्राङ्गण**

**निलबाराही फोटो स्टुडियो र स्टेशनरी**
विक्रम थापा श्रेष्ठ
ठिमी, भक्तपुर, मो.नं. ९८४१४८६५१४
शुभ कार्यको लागि फोटो तथा भिडियो खिच्नको लागि सम्पर्क गर्नुहोला ।

**भक्तपुर आर्ट एन्ड कलर हाउस**
हरिसुन्दर माखास्या
भक्तपुर, मो.नं.९८४१६१६२६४
घर तथा अन्य भवनहरूमा रङ्गरोगनका लागि सम्पर्क गर्नुहोला ।

**एबिटेक्स प्रिमियम (सर्टिङ्ग एन्ड सुटिङ्ग)**
पवन पराजुली
मिनभवन, काठमाडौं, मो.नं. ९८५११५५३९०
कलेज र स्कूलका युनिफर्म सिलाउनका लागि सम्पर्क गर्नुहोला ।

**किपु साइन्टिफिक ट्रेडर्स**
शंकर महर्जन
कीर्तिपुर, मो.नं. ९८५१००७८४०
प्रयोगशाला सामान (भौतिक, रसायन तथा जीव विज्ञान, प्राणीशास्त्र) उपलब्ध छ ।

**देशेमरु कन्स्ट्रक्सन्स प्रा.लि.**
रविन देशेमरु
मिवाछें, भक्तपुर, मो.नं. ९८५१०४१३३१
सम्पूर्ण निर्माण सामाग्रीको लागि सम्पर्क गर्नुहोला ।

**भक्तपुर कापी उद्योग**
रामकृष्ण दुवाल,
देकोचा, भक्तपुर, मो.नं.९८५१११४१३०
स्टेशनरी तथा कार्यालय सामानको लागि सम्पर्क गर्नुहोला ।

**श्रीमद सप्लायर्स**
राजेश किबाछें
काठमाडौं, मो.नं. ९८५११६१७९५
स्टेशनरी तथा कार्यालय सामान तथा टोनर मर्मतको लागि सम्पर्क गर्नुहोला ।

**शुभ कम्प्युटर्स**
नरेश ग्वाछा
कमलविनायक, भक्तपुर, मो.नं.९८५१०९४२१७
कम्प्युटर मर्मत र आपूर्तिको लागि सम्पर्क गर्नुहोला ।

**दिव्यम इन्टेरियर एन्ड फर्निशर्स**
श्याम कर्माचार्य
भक्तपुर, मो.नं. ९८५११२८४२९
फर्निचर तथा फर्निसिङ्गका लागि सम्पर्क गर्नुहोला ।

**सिस्को फ्लेक्स प्रिन्ट**
राधेश्याम प्रजापति,
च्याम्हासिंह, भक्तपुर, मो.नं. ९८५११७०५६०
फ्लेक्स तथा छपाइसम्बन्धी कार्यको लागि सम्पर्क गर्नुहोला ।

**टाइम क्रियसन**
सुन्दर बस्नेत
पुतलीसडक, काठमाडौं, फो नं. ४४१००५९
छपाइसम्बन्धी कार्यको लागि सम्पर्क गर्नुहोला ।

**जि. आर ड्रिङ्क्स**
गंगाप्रसाद आगञ्जा
भौखेल, भक्तपुर, मो.नं. ९८४१३९४२८४
खानेपानीको लागि सम्पर्क गर्नुहोला ।

**बासु इलेक्ट्रिक्स**
बिजेन्द बासुकला
सल्लाघारी, भक्तपुर, मो.नं.९८५१०९२३७५
विद्युतीय सामग्रीको लागि सम्पर्क गर्नुहोला ।

**नेशनल बुक सेन्टर प्रा.लि.**
मिला प्रधान श्रेष्ठ
बागबजार, काठमाडौं, मो.नं.९८०१८३१२०७
समपूर्ण किताबहरूको लागि सम्पर्क गर्नुहोला ।

**न्यू विद्या प्रिन्टिङ्ग प्रेस**
निकेश वैद्य
जगाती, भक्तपुर, मो.नं.९८५११५३६१७
छपाइसम्बन्धी कार्यको लागि सम्पर्क गर्नुहोला ।

**भ्याली भेइकल सर्भिस**
जुनु न्हेम्हाफुकी,
भक्तपुर, मो.नं.९८५१०८४५०२
सवारी साधान भाडामा तथा ढुवानी सेवाको लागि सम्पर्क गर्नुहोला ।

**इको प्यानल नेपाल प्रा. लि.**
ई. कृष्णभक्त दुवाल
सल्लाघारी, भक्तपुर, मो.नं.९८०२३३३७०६
इको प्यानलबाट निर्माण गर्न लागि सम्पर्क गर्नुहोला ।

**के.ए निर्माण सेवा**
केशव अधिकारी
चौरी देउराली, काभ्रे, मो.नं.९८६९४१३७७४
सम्पूर्ण निर्माण सामाग्रीको लागि सम्पर्क गर्नुहोला ।

**अल्बर्ट ट्रेडिङ्ग कन्सर्न**
जनकप्रसाद दाहाल
काठमाडौं, मो.नं.९८५१२४२०७१
प्रयोगशाला सामान (भौतिक, रसायन तथा जीव विज्ञान, प्राणीशास्त्र) उपलब्ध छ ।

**हनुमान आयल स्टोर**
आसराम कोजु,
जगाती, भक्तपुर, मो.नं.९८५११११७०१
पेट्रोल र डिजेल इन्धनको लागि सम्पर्क गर्नुहोला ।

**खवप क्यान्टिन**
कल्याण गैरे,
देकोचा, भक्तपुर, मो.नं.९८४१०११४९४
चिया, नास्ता तथा अर्डरअनुसार खाजाको लागि सम्पर्क गर्नुहोला ।

**खवप क्याफेटेरिया/एनी टाइम बेकरी**
सरु कर्माचार्य
देकोचा, भक्तपुर, मो.नं.९८४९१५०६४५
चिया, नास्ता तथा अर्डरअनुसार खाजाको लागि सम्पर्क गर्नुहोला ।

**मिडिया प्लस**
सिरिस सुवाल,
ब्यासी, भक्तपुर, मो.नं.९८५१०९०१४०
छपाइसम्बन्धी कार्यको लागि सम्पर्क गर्नुहोला ।

**खायमली कन्स्ट्रक्सन्स**
सुजन खायमली
भक्तपुर, मो.नं.९८५१३३७३१६
सम्पूर्ण निर्माण सामाग्रीको लागि सम्पर्क गर्नुहोला ।

**प्याशन सेक्युरिटी प्रा.लि.**
त्रिपुरेश्वर, काठमाडौं, फो नं. ४१०१०२५
सीसी क्यामेरा जडान सेवा तथा सामानको लागि सम्पर्क गर्नुहोला ।

**भक्तपुर हार्डयेयर प्रा.लि.**
सूर्यविनायक, भक्तपुर, मो नं. ९८५११०३२५५
सम्पूर्ण निर्माण सामाग्रीको लागि सम्पर्क गर्नुहोला ।

**सूर्य उड कार्भिङ्ग एन्ड फर्निचर सेन्टर**
सूर्यबहादुर शिल्पकार
भक्तपुर, मो.नं.९८५१०८९९२४
काठ आपूर्ति तथा काठसम्बन्धी कार्यको लागि सम्पर्क गर्नुहोला ।

**एभरेस्ट स्कूल युनिफर्म प्रा. लि.**
रिटेनमान प्रधान
बानेश्वर, काठमाडौं, मो.नं.९८४१९४८८२२
कलेज र स्कूलका युनिफर्म सिलाउनका लागि सम्पर्क गर्नुहोला ।

**लक्ष्मी कन्स्ट्रक्सन्स एन्ड सप्लार्यस प्रा. लि.**
लक्ष्मीसुन्दर भेले,
सूर्यविनायक, भक्तपुर, मो.नं.९८५१०७४७७९
सम्पूर्ण निर्माण सामाग्रीको लागि सम्पर्क गर्नुहोला ।

**एन.एस. टेड्र एन्ड सप्लायर्स**
पुस्कर्राज खरेल
जतिबुती, काठमाडौं मो.नं.९८५१०७७२०५
सम्पूर्ण निर्माण सामाग्रीको लागि सम्पर्क गर्नुहोला ।

**साइन उडेन इन्डस्ट्रिज**
भक्तपुर, फो.नं. ६६१७६२०
काठ आपूर्ति तथा काठसम्बन्धी कार्यको लागि सम्पर्क गर्नुहोला ।

**भगवान ग्रील वर्कसप**
भगवान डंगोल
सल्लाघारी, भक्तपुर
मो.नं. ९८५१००१५१९

**ए.बी.आर हर्डवेयर**
विश्वमोहन लालुवा
भक्तपुर
मो.नं. ९८५११२३२३४

**स्वेटकाली छापाखाना**
ज्ञानेन्द्र बज्राचार्य
काठमाडौं
मो.नं. ९८५१३२०३९८

**प्रिन्ट बाटिका**
साजन कार्की
नक्साल, काठमाडौं
मो.नं. ९८०१८५५५९०

**रूही ट्रेड**
राजन दुवाल
देगइना, भक्तपुर
मो.नं. ९८५११६८९७१

**एफ फोर ई कन्स्ट्रक्सन्स**
निकित दुवाल
चोछें, भक्तपुर
मो.नं. ९८४९३०२१५२

**श्री गणेश ब्रिक्स सेल्स्**
लक्ष्मीप्रसाद फेलु
कमलविनायक, भक्तपुर, मो.नं.९८४१४३०७४३
सम्पूर्ण निर्माण सामाग्रीको लागि सम्पर्क गर्नुहोला ।

**एस जे इन्फो हब**
सरिता गोसाई
तौलाछें, भक्तपुर, मो.नं.९८४११३३७१५
कम्प्युटर मर्मत तथा आपूर्तिका लागि सम्पर्क गर्नुहोला ।

**स्टार बैङ्क्वेट**
सत्यराम साँगाछें
भक्तपुर
मो.नं. ९८५१००३१७३

**नमस्ते स्पोर्ट्स एन्ड म्युजिक सेन्टर**
विश्वबन्धु चालिसे
सूर्यविनायक, भक्तपुर
मो.नं. ९८६९३७५६८९

**डेडिकेटेट् इन्जिनियरिङ्ग कन्सल्टेन्सी एन्ड कन्स्ट्रक्सन प्रा.लि.**
बिकेश कासुला
सूर्यविनायक, भक्तपुर, मो.नं. ९८६०२६११३२

**नवदुर्गा भवानी इन्जिनियरिङ्ग कन्स्ट्रक्सन्स प्रा.लि.**
राजेश प्रजापति
लिबाली, भक्तपुर, मो.नं. ९८५११०४५३१

**जय माँ हारती फिनेल प्रडक्ट**
रविन ख्वालापाला
भक्तपुर
मो.नं. ९८४१६०४४६६

**बास साउन्ड सिष्टम**
हरिनारायण बासी
भक्तपुर
मो.नं. ९८५११०४४००

# चित्रकलामार्फत काठमाडौँमा झल्कियो खोटाङ

– केदार मगर

काठमाडौँ, ८ फागुन । काभ्रेपलाञ्चाककी रोजिना तामाङ खोटाङ पुग्न पाउनुभएको छैन । तर, उहाँले सोमबारदेखि काठमाडौँ बबरमहलस्थित नेपाल कला परिषद्मा सञ्चालित चित्रकलामार्फत खोटाङबारे निजकबाट नियाल्न मौका पाउनुभयो । काठमाडौँको एक विद्यालयमा कक्षा-१२ मा अध्ययनरत तामाङ 'मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी' मार्फत राखिएका खोटाङका धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थलबारे जानकारी लिनुभयो ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले फागुन ५ गतेदेखि आयोजना गरेको प्रदर्शनीमा आउनुभएकी रोजिनाले भन्नुभयो, "मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनीमा राखिएका क्यानभास चित्रहरू काठमाडौँमै बसेर अवलोकन गर्न पाउँदा सिङ्गो खोटाङ कस्तो रहेछ भन्ने थोरै भए पनि जानकारी लिन पाइयो । चित्रकला हेरेपछि खोटाङ मेरो घुम्नै पर्ने सूचीमा परेको छ । त्यहाँ पुगेर धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थलहरू घुम्ने छु ।"

काठमाडौँको एक क्याम्पसमा बीबीए पढ्दै गरेकी अर्घाखाँचीकी कुसुम श्रेष्ठ पनि सोही चित्रकला प्रदर्शनीमै भेटिनुभएको थियो । "चित्रकला प्रदर्शनीमा सिङ्गो खोटाङको रूप झल्किएको पाएँ । अर्घाखाँचीको मान्छेलाई काठमाडौँमै बसेर खोटाङको धर्म, संस्कार, संस्कृति र परम्पराबारेमा चित्रकलामार्फत जानकारी लिने अवसर मिल्यो । यो कार्यक्रमले खोटाङलाई चिन्नलाई सहयोग गरेको महसुस गरेकी छु ।"

भक्तपुर बस्ने धनगढीका गणेश कडाल पनि श्रीमति र बच्चासहित चित्रकलाप अवलोकनका लागि आउनुभएको थियो । चित्रकलाको प्रशंसा गर्दै यसबाट खोटाङको संस्कृति र परम्परा बुझाउने प्रयास गरिएको बताउनुभयो ।

राष्ट्रपति रामचन्द्र पौडेलले क्यानभासमा चित्र कोरेर उद्घाटन गर्नुभएको मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी कार्यक्रममा रोजिना, कुसुम र गणेशजस्तै दैनिक करिब पाँच सयले चित्रकला अवलोकन गर्दै आएका छन् ।

दिक्तेलको धार्मिक तथा ऐतिहासिकस्थल मझुवागढी, भवनगैरा, हाटडाँडा, शङ्खधर शाख्वाचोक, शुभम् फाउण्डेसन र जालपा पुगेर ख्यातिप्राप्त चित्रकारले प्रत्यक्षरूपमा उतारेका क्यानभास चित्रलाई प्रदर्शनीमा राखिएको छ । दिक्तेलमा गत असोज-१७ गतेदेखि २१ गतेसम्म आयोजना गरिएको 'चित्रकला कार्यशाला तथा प्रदर्शनी' मा सहभागी नेपालसहित अष्ट्रेलिया, बङ्गलादेश, भुटान, चीन, जापान, इजिप्ट, भारत, लातभिया, लिथुआनिया, दक्षिण कोरिया, अमेरिका, युक्रेन र भियतनामका चित्रकारसहित विभिन्न ५० देशका ख्यातिप्राप्त चित्रकारले क्यानभासमा उतारेका दुई सय १० वटा चित्रलाई सङ्कलन गरेर प्रदर्शनीमा राखिएको आयोजकले जनाएको छ ।

देश तथा विदेशमा समेत ख्यातिप्राप्त चित्रकारहरूले खोटाङको धार्मिक तथा पर्यटकीयस्थलहरू त्रिधार्मिकस्थल हलेसी, जन्तेढुङ्गा, भुलभुले दूधकुण्डलगायतका ठाउँको क्यानभास चित्र उतारेका छन् । धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थलहरूका साथै जिल्लाको भौतिक विकास तथा धर्म, संस्कार, संस्कृति र रहनसहनबारेमा चित्रकारहरूले क्यानभासमा उतारेका चित्रलाई प्रदर्शनीमा राखिएको हो ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी कार्यक्रम आयोजना गरेर इतिहास निर्माण गरेको चित्रकार के के कर्माचार्यले बताउनुभएको छ । नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका निवर्तमान कुलपतिसमेत रहनुभएका उहाँले भन्नुभयो, "प्रदर्शनीमा राखिएका क्यानभास चित्रहरू ऐतिहासिक छन् । यो नगरपालिकाको सम्पत्ति हो । यस्तो कार्यक्रम अहिलेसम्म कसैले गरेका छैनन् । चित्रकला कलामध्येका एउटा अद्भूत कला हो । यसलाई जसले जसरी अर्थ्याउन पनि सक्छन् । क्यानभास चित्रलाई युगौँयुगसम्म राख्न सकिन्छ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले विश्वका ख्यातिप्राप्त चित्रकारको चित्र सङ्कलन गर्न सफल भएको छ । यो ऐतिहासिक कार्य हो । यसले नगरपालिकालाई विश्वभर परिचित गराएको छ ।"

चित्रकार कर्माचार्यको अमूर्त क्यानभास चित्रहरूसमेत प्रदर्शनीमा राखिएका छन् । अमेरिकाकी चित्रकार एवम् प्रोफेसर जोय वल्फ, लातभियाकी चित्रकार आन्दा पैकाने, नेपाली चित्रकारहरू रतनकुमार राई, विजय थापालगायत ५० देशका चित्रकारले क्यानभासमा उतारेर प्रदर्शनीमा राखिएका चित्रहरूलाई खोटाङमै बोलाएर जिल्लाका दशवटै स्थानीय तहका धार्मिक, ऐतिहासिक एवम् पर्यटकीयस्थलहरू तथा धर्म, संस्कार, संस्कृति, परम्परा र रहनसहनलाई क्यानभासमा उतार्न लगाइएको थियो ।

संसारभर छरिएर रहेका खोटाङ्गे मनलाई एउटै थलोमा जोड्ने र चित्रकलाको माध्यमबाट खोटाङ र सिङ्गो नेपाललाई विश्वमाझ परिचय गराउँदै पर्यटन प्रवर्द्धन र आर्थिक समृद्धिमा जोड्ने लक्ष्यका साथ धनु आर्ट स्टुडियोसँगको सहकार्यमा 'मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी' कार्यक्रम आयोजना गरिएको नगर प्रमुख तीर्थराज भट्टराईले बताउनुभएको छ ।

"मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनीलाई दिक्तेलमा आयोजना गरिएको 'मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला कार्यशाला तथा प्रदर्शनी' कै अर्को शृङ्खलाको रूपमा आयोजना गरिएको छ । प्रदर्शनमा राखिएका चित्रलाई पुन: दिक्तेलमा लगेर सङ्ग्रहालय बनाएर राख्ने योजना बनाइएको छ", उहाँले भन्नुभयो ।

स्वदेश तथा विदेशबाट आएका ख्यातिप्राप्त चित्रकारले उतारेका क्यानभास चित्रमा समग्र खोटाङको तस्वीर झल्किएको प्रतिनिधिसभा सदस्य एवम् कोशी प्रदेशका पूर्वमन्त्री रामकुमार राईले बताउनुभएको छ । उहाँले भन्नुभयो, "चित्रकला कार्यशाला तथा कला प्रदर्शनी कार्यक्रमले नगरपालिकाको मात्र नभइ समग्र खोटाङको ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थलहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा परिचित गराउँदै यहाँको संस्कृति, सभ्यता, धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा टेवा पुगेको छ । नेपालसहित १४ देशबाट आएका ख्यातिप्राप्त चित्रकारहरूले समग्र खोटाङको चित्र कोरेका छन् । यसमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका सफल भएको छ ।"

स्वदेश तथा विदेशका ख्यातिप्राप्त चित्रकारले जिल्लाका विभिन्न ठाउँमा बसेर क्यानभासमा उतारेका प्रत्यक्ष क्यानभास चित्रलाई प्रदर्शनी कार्यक्रम सकिएपछि पुन: दिक्तेल लगेर सङ्ग्रहालयमा राख्ने तयारी गरिएको नगर उपप्रमुख विशन राईले बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "स्वदेश तथा विदेशका ख्यातिप्राप्त चित्रकारले उतारेका चित्रहरू हाम्रो नगरपालिकाको सम्पत्ति हो । यी चित्रहरूलाई नगरपालिकाको आम्दानीको आन्तरिक स्रोत बनाउने योजना छ । मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला कार्यशाला तथा प्रदर्शनी कार्यक्रम प्रत्यक्ष फाइदा नदेखिए पनि हामीले एउटा ईतिहास निर्माण गरेका छौँ । आगामी दिनमा यो नगरपालिकाको आम्दानीको आन्तरिक स्रोत बन्नेछ ।" ***रासस***

# पनौतीको चामखरमा पर्यटकको चहलपहल

धुलिखेल, ८ फागुन । काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-४ को अग्लो डाँडा चामखरमा पछिल्लो समयमा पर्यटकको चहलपहल बढेको छ । काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-३ थापागाउँका महेश थापाले दुई महिनाअघि देखि 'भ्यू प्वाइन्ट रिसोर्ट' सञ्चालनमा ल्याएपछि अचेल दैनिक चामखर पुग्नेको सङ्ख्यामा वृद्धि हुँदै गएको छ ।

अग्लो डाँडामा चिटिक्कको घर, त्यसैको मूलढोकाअघि फरफराइरहेको छ दर्ज्यु (बौद्ध धर्मका मन्त्र लेखिएको झन्डा) । वरिपरिका मनोरम दृश्यावलोकन गर्दै आनन्द लिएर स्थानीय उत्पादनबाट तयार पारिएका परिकार खानका लागि पर्यटकको चाहनाको केन्द्र बनेको छ । दस वर्ष विदेशी भूमिमा पसिना बगाएर आफ्नै गाउँ फर्कनुभएका उहाँले रिसोर्ट सञ्चालन गरेर आन्तरिक पर्यटन प्रवर्द्धनको काममा लाग्नुभएको हो । स्वदेशमा आएर केही गरौँ भन्ने तयारीमा लाग्दै जाने क्रममा रिसोर्ट सञ्चालन गर्न थालेको उहाँले बताउनुभयो । विदेश जानुअघि ट्राभल एन्ड टुरिजममा केही अनुभव बटुली सक्नुभएका उहाँले पछिल्लो समयमा लोप हुन लागेको रैथाने बाली संरक्षण गर्ने र आन्तरिक पर्यटनलाई टेवा पुऱ्याउने उद्देश्यले रिसोर्ट सञ्चालन गरेको बताउनुभयो । स्थापित हुन समय धेरै लाग्ने भए पनि त्यस क्षेत्रमा योगदान दिन बामे सर्दै गरेको उहाँको भनाइ छ ।

विदेशमा हुँदा धेरै योजना बुनेर गाउँ फर्कने र यहाँका विभिन्न गतिविधिले फेरि सुटकेस बोकेर विमानस्थलमा छोराछोरी र श्रीमती रुवाएर पुन: जानुपर्ने बाध्यता रहेकामा अब त्यसरी जानुहुँदैन, केही गर्नुपर्छ भन्ने सन्देश दिनका लागि पनि आफूले व्यवसाय सुरु गरेको उहाँले सुनाउनुभयो । करिब १५ लाख लगानीमा जग्गाधनी सुकराम तामाङसँग समन्वय गरेर थालनी गरेको काममा स्थानीय पाँचजनालाई रोजगार दिनुभएको छ । थापाले व्यवसाय सुरु गरेपछि गाउँमा नै काम गर्ने अवसर पाउनुभएका मीना तामाङले रिसोर्ट सञ्चालनले थप उत्साह पैदा भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "गाउँको नजिकै काम गर्ने अवसर पाएको छु, निकै खुसी छु । सुरुमा भनेजस्तो सेवासुविधा नपाए पनि पछि बिस्तारै वृद्धि हुँदै जाने आशा पलाएको छ ।" अहिले सो रिसोर्टमा उहाँसँगै अन्य चारजनाले रोजगारी पाएका छन् । घरबास तरिकाको रिसोर्टमा पछिल्लो समयमा जानेहरूको सङ्ख्यामा वृद्धि हुँदै गएको छ । सो ठाउँमा पुगेपछि पर्यटकीयस्थल नगरकोट, नमोबुद्ध, धुलिखेल, फुल्चोकी डाँडालगायत हिमशृङ्खला अवलोकन गर्न सकिने भएकाले सो डाँडामा व्यवसाय सुरु गरेको उहाँले बताउनुभयो ।

रिसोर्टमा स्थानीय किसानले उत्पादन गरेको चामल, मकै, गुन्द्रुक, सँग र स्थानीय कुखुरालायत उत्पादनको स्वाद लिन सकिने गरी सेवा दिने गरिएको छ । गाउँलेले उत्पादन गरेको सबै प्रकारका खाद्यान्न वस्तु आफूले खरिद गरिदिने गरेको र त्यही अनुसारको मूल्य तिरेर खरिद गर्दा किसान पनि खुसी हुने उहाँले बताउनुभयो । पाँचवर्षे योजना बनाएर काम गरिरहेको बताउने उहाँले थप संरचना निर्माण गर्ने, बगैँचा बनाउने र स्थानीय उत्पादन खरिदसँगै आफैँले पनि उत्पादन गर्ने तयारीमा रहेको योजना सुनाउनुभयो ।

उहाँ पाँच वर्षभित्रमा कम्तीमा २० जनालाई रोजगारी दिने गरी अगाडि बढेको बताउनुहुन्छ । त्यहीँ पुगेर बस्न चाहनेका लागि चारवटा कोठा रहेका छन्भने सामूहिकरूपमा बस्न चाहनेका लागि २० जनासम्मलाई आवासको व्यवस्थापन गर्न सक्ने क्षमता रहेको उहाँले बताउनुभयो । पनौतीबाट साँगा निस्कने हाइकिङ रुट पनि भएकाले चामखरमा पुग्नेका लागि उक्त रिसोर्ट केन्द्रमा पर्ने गरेको त्यहाँ पुग्नेहरू बताउँछन् । ***रासस***

# किशोरलाई हुन्डी कारोबारमा भरियाका रूपमा प्रयोग

बेलबारी (मोरङ), ८ फागुन । पछिल्लो समय मोरङको सामावर्ती बजार जोगवनी र आसपासका नाकाबाट अवैधरूपमा हुन्डीको कारोबार बढ्दै गएकाले प्रहरीले त्यस्ता कारोबारीलाई नियन्त्रणमा लिन थालेको छ । पक्राउ परेकामध्ये १८ वर्षमुनिका भएको उनीहरू र व्यावसायिक हुन्डी कारोबारीका भरियामात्र भएको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

गत कात्तिक १४ गते स्रोत नखुलेको रु. २१ लाख ८७ हजार सीमापारिबाट ल्याउँदै गरेको अवस्थामा १६ वर्षीय भारतीय मूलका एक किशोरलाई प्रहरीले सीमानाका नजिकैबाट नियन्त्रणमा लिएको थियो । पक्राउ परेका उनलाई व्यावसायिक हुन्डी कारोबारीले प्रयोग गरेको पाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता रञ्जन दाहालले जानकारी दिनुभयो ।

हुन्डीका कारोबारी विवेक गुप्ता र मनोज साहले ती बालकलाई प्रयोग गरेर सीमापारिको कालोधन हुन्डीमार्फत भित्र्याउने प्रयास गरेको प्रहरीको अनुसन्धानले देखाएको छ । गुप्ता र साह हाल फरार भएका छन् ।

सोही कारोबारमा विराटनगरका केही नाम चलेका उद्योगी-व्यवसायीको पनि संलग्नता रहेको र तिनै उद्योगी र व्यवसायीले भरियामार्फत हुन्डीको रकम ल्याउने र पुऱ्याउने गर्दै गरेको प्रहरीको आशङ्का छ ।

जिल्ला प्रहरीले स्रोत नखुलेको रु. १९ लाख ९० हजारसहित सुनसरीका देवानगन्ज-५ का ४९ वर्षीय सुरेन्द्रप्रसाद साहलाई गत पुस ११ गते जोगवनी नाका नजिकको केशलिया मार्गवाट नियन्त्रणमा लिएको थियो । नियन्त्रणपछि अनुसन्धान गर्दा साह जय माता ट्रेर्डस देवनगन्ज सुनसरीमा धान चालमको व्यापार गर्ने व्यापारी व्यावसायिक हुन्डी कारोबारी भएको पुष्टी भएको प्रवक्ता दाहालले बताउनुभयो ।

केही समयअघि विराटनगर-१५ का धर्मानन्द साहलाई स्रोत नखुलेको रु. चार लाख ७५ हजार र सोही ठाउँका रन्जीत साहलाई पनि स्रोत नखुलेको रु. नौ लाख २० हजारसहित पक्राउ गरिएकामा दुवैजना हुन्डी कारोबारीका भरिया भएको पुष्टि भयो । अवैध हुन्डीको कारोबार गर्ने सुनसरी बर्जु-३ का २४ वर्षीय उमाकान्त रायलाई पनि गत असोजमा स्रोत नखुलेको रु. १० लाखसहित परेका थिए । पक्राउ परेकाहरूलाई राजस्व अनुसन्धान कार्यालयमा बुझाउने गरिएको प्रवक्ता दाहालले बताउनुभयो । ***रासस***



ठेकीको व्यापार

मोरङको बेलबारी नगरपालिकास्थित सोमबारे बजारमा बिक्रीका लागि राखिएको काठको ठेकी । दूध जमाएर मोही पार्नका लागि प्रयोग गरिने ठेकी यहाँ एक हजार पाँच सयदेखि तीन हजारसम्ममा बिक्री हुने गरेको छ । *तस्बिर : मणिराम दाहाल/ रासस*

# मगर संस्कृति संरक्षणका लागि मगर सङ्ग्रहालय निर्माण

त्रिवेणी (नवलपरासी), ८ फागुन । मगर संस्कृति संरक्षणका लागि नवलपुरको देवचुलीमा सङ्ग्रहालय निर्माण गरिएको छ । नवलपरासी ( बर्दघाट सुस्तापूर्व) नवलपुरको देवचुली नगरपालिका-१० पृथ्वीनगरमा मगर सङ्ग्रहालय निर्माण गरिएको हो ।

मगर समुदायको मौलिक कला संस्कृति नै लोप हुनेगरी देखिएको आधुनिकताले मगर पहिचान गुम्न थालेको भन्दै सङ्ग्रहालय निर्माण गरिएको मगर सङ्ग्रहालयका अध्यक्ष भुवनसिं आलेले बताउनुभयो ।

सङ्ग्रहालयमा मगर समुदायको कला, संस्कृति, रहनसहन र भेषभूषालाई संरक्षण गरिने अध्यक्ष मगरले बताउनुभयो । मगर समुदायका पुराना कला, संस्कृति, भेषभूषाका विषयमा नयाँ पुस्ताले जानकारी हासिल गर्न सकुन् भन्ने उद्देश्यसमेत रहेको उहाँले बताउनुभयो ।

सङ्ग्रहालयका अध्यक्ष मगरले भन्नुभयो, "मगर समुदायका विविध परम्परागत संस्कृति, भेषभूषा, रहनसहन छन्, यो हराउँदै जानेको हो कि भन्ने चिन्ताले संरक्षणमा सहयोग पुऱ्याउन सङ्ग्रहालय निर्माण गरेका हौँ । नयाँ पुस्तालाई संस्कृति, रहनसहन, भेषभूषा हस्तान्तरणमा समेत सहयोग पुग्ने विश्वास छ ।"

मगर समुदायले प्रयोग गर्ने भाँडा., लत्ताकपडा, बाजागाजा र जीविकासँग सम्बन्धित सामग्री सङ्ग्रहालयमा राखिएका छन् । मगर सङ्ग्रहालयमा राखिएका सामग्री आम सर्वसाधारणले समेत अवलोकन गर्न सक्नेछन् । देवचुली नगरपालिका, वडा र स्थानीयको सहयोगमा सङ्ग्रहालय बनाइएको हो । मगर सङ्ग्रहालय निर्माणका लागि करिब रु. २२ लाखको लागतमा घुमाउने घर निर्माण गरिएको छ । सङ्ग्रहालयको फागुन १५ गते उद्घाटन गर्ने तयारी गरिएको सङ्ग्रहालयका सचिव गनबहादुर रानाले बताउनुभयो ।

पर्यटन प्रवर्द्धनका लागि समेत मगर सङ्ग्रहालय सहयोगी हुने देवचुली नगरपालिका-१० का वडाध्यक्ष रेप्तीकुमार घर्तीमगरको विश्वास छ । मगर समुदायका संस्कृति, भेषभूषा अवलोकनका लागि पर्यटक आउने हुँदा पर्यटकीय केन्द्र साथै मगर समुदायको संस्कृति, रहनसहन अध्ययनका लागि केन्द्रका रूपमा समेत सङ्ग्रहालयलाई विकास गर्न सकिने उहाँले बताउनुभयो ।

"हिजोआज विभिन्न समुदायका संस्कृति, रहनसहन, भेषभूषासमेत पर्यटकको आकर्षण बन्ने गरेको छ, सङ्ग्रहालयलाई सोहीअनुसार पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ, पर्यटन प्रवर्द्धनमा यसले सहयोग पुग्ने विश्वास छ", अध्यक्ष मगरले भन्नुभयो । हिजोआज पुराना घुमाउने घरसमेत लोप हुँदै जान थालेकामा यहाँ निर्माण गरिएको घुमाउने घरसमेत आकर्षणको केन्द्र बन्ने उहाँले बताउनुभयो ।

# पहिलो अध्याय
# पुरानो भूमिसुधार

✍ नारायणमान बिजुक्छें

**पुरानो भूमि व्यवस्था**

'पारस्परिक सहयोग दल' जस्ता साना अर्ध-समाजवादी खेती उत्पादक सहकारी संस्थाहरू र पूर्ण समाजवादी सहकारीहरूमाथि नियालेर हेर्नु अघि क्रान्तिभन्दा पहिलेको चिनियाँ खेती समस्या र त्यसबेलाका किसानहरूको सम्बन्धमा जान्नु अत्यन्त जरुरी देखिन्छ ।

सन् १९४९ को क्रान्तिभन्दा पहिले चिनियाँ जनता भित्री र बाहिरी शत्रुहरूबाट साह्रै शोषित थिए । जापान, बेलायत, फ्रान्स, संरा अमेरिका आदि साम्राज्यवादीहरूबाट क्रान्तिभन्दा पहिले चिनियाँ जनता कति शोषित थिए भन्ने कुरो एक दुई पन्ना लेखेर सकिने कुरा होइन । दर्जनौँपटक चिनियाँ जनताले जापानी, बेलायती र अन्य साम्राज्यवादीहरूको आक्रमणबाट आफ्नो देश बचाउन युद्धको बलि बेदीमा होम्नु परेको थियो । यो कुरा त चीनको रातो र लामो इतिहासले बताउँछ । सन् १९४९ को क्रान्ति सफल हुनुभन्दा पहिले चिनियाँ जनताले कहिले पनि स्वाधीनताको सास फेर्न पाएका थिएनन् । आखिरमा १९४९ मा चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा सफल भएको जनवादी क्रान्तिमा जापानी र अमेरिकी साम्राज्यवाद र तिनीहरूका पछि लाग्ने च्याङ काईशेकको शासन उल्टाएर फ्याँके । तैपनि, राष्ट्र सङ्घमा तथाकथित 'राष्ट्रवादी चीनको' नामले अमेरिकी साम्राज्यवाद एटम बमको शक्तिले च्याङ काईशेकलाई अगाडि राखेर चीनको अभिन्न अङ्ग थाइवान कब्जा गरेर चीनको मुख्य भूमिमा फेरि साम्राज्य फैलाउने कोसिस गर्दै थियो । तर, चिनियाँ जनता आफ्नो अभिन्न अङ्ग थाइवान स्वतन्त्र गर्न नसकेसम्म शान्तिको सास नफेर्ने अडानमा थिए ।

क्रान्तिभन्दा पहिले चीनको ७० देखि ८० प्रतिशत जग्गा जमिनदार, राजा-रजौटा र २० देखि ३० प्रतिशत जग्गा मध्यम वर्गको हातमा थियो । एकातिर जमिनदार र राजा रजौटाहरूसँग आँखैले नभ्याउने जग्गा थियो भने अर्कोतिर गरिब किसानहरूको आफ्नो पाइला टेक्न सक्नेसम्म पनि जग्गा थिएन । अर्को शब्दमा भनुँ भने सयकडा ९० प्रतिशत किसानहरूसँग जग्गा थिएन । फेरि बेलाबेलाका राजाहरूले अनगिन्ती जग्गा किसानहरूबाट खोसेर राजाका मानिसहरूलाई दिन्थे । किसानहरूले उब्जनीको ठुलो भाग जमिनदारहरूलाई कूतको रूपमा तिर्नुपर्दथ्यो । यसबाहेक सरकार कहाँ झाराजानु र कर तिर्नु पर्दथ्यो । यसरी त्यसबेलाका शासकहरूको शोषणले किसानहरूमा बर्सेनि कर्जा बढ्दै जान्थ्यो र ब्याज पनि बढ्दै जान्थ्यो । आखिरमा किसानहरूले आफ्नो जहान, छोराछोरी, घरखेत सारा कुरा जमिनदारलाई बेचेर आफू जन्मेको प्यारो गाउँबाट बिदा भएर जान बाध्य गरिन्थ्यो र ती किसानहरू यताउत्ता भडकेर आत्महत्या गर्थे । यस किसिमको क्रूर शोषणले चिनियाँ जनता अरु देशका जनताभन्दा धेरै पिछडिएका थिए र चिनियाँ जनताको आर्थिक र सामाजिक जीवनको उन्नति पनि धेरै पछि पर्न गएको मात्र होइन, चिनियाँ इतिहास किसान सङ्घर्षहरूले भरिए ।

तर, चिनियाँ जनता सामन्तहरूबाट मात्रै शोषित थिएनन्, देशका पुँजीपतिहरूबाट पनि शोषित थिए । यसरी चिनियाँ जनता भित्री र बाहिरी दुवै शत्रुहरूबाट शोषित थिए ।

साम्राज्यवादीहरूले सस्तोमा चीनको कच्चा माल लिएर मात्रै चिनियाँ जनतालाई शोषण गरेका थिएनन् बरु बैङ्क र सहरका कारखानाहरूमा पनि हात घुसारेर चीनको गाउँगाउँमा पनि जमिनदारहरूसँग मिलेर प्रत्यक्ष या अप्रत्यक्षरूपले चिनियाँ किसानहरूलाई चुस्थे । तर, १९४९ मा कम्युनिस्ट पार्टीको नेतृत्वमा सफल भएको क्रान्तिले देशको नसानसामा भिजेको सामन्तवाद, अर्ध-उपनिवेशवाद र दलाल पुँजीवादलाई जरैदेखि उखेलेर फ्याँके । सारमा, चिनियाँ समाजको ऐतिहासिक सङ्घर्षहरूको मूल कारण चीनको खेती समस्या थियो ।

**भूमिसुधार**

सन् १९४९ देखि १९५२ सम्ममा भूमिसुधार अथवा जग्गा वितरणको काम सिध्याइसकेको थियो । हुन त १९४९ भन्दा पहिले नै मुक्त क्षेत्रहरूमा भूमि वितरण सिध्याइसकेको थियो । प्रतिक्रियावादी च्याङका फौजहरूद्वारा कब्जा गरिएका युनान, क्वेचाउ, स्वेचाउ आदि प्रान्तहरू र जापानी साम्राज्यवादद्वारा कब्जामा राखेको जग्गा फिर्ता लिई १९५२ सम्ममा भूमि सुधारको काम सम्पन्न गरिएको थियो ।

तर, जग्गा वितरणले मात्रै चीनको खेती समस्या हल हुने विषय थिएन । चीनको बहुमत किसानहरूसँग खेतमा काम गर्ने कुटो-कोदालोजस्तो साधारणभन्दा साधारण ज्यावलसम्म पनि थिएन । तिनीहरूसँग खालि आफ्नो जीउको श्रमशक्तिबाहेक आफ्नो भन्ने अरु कुनै कुरो थिएन । यसरी खेतीको औजारको कमी, श्रम शक्तिको राम्रो उपयोग र खेतीलाई समाजवादीकरण गर्न (खेतीमा समाजवादीकरण गर्न) चिनियाँ कम्युनिस्ट पार्टीको निर्देशनमा 'पारस्परिक सहयोग दल' को स्थापना गरियो । तर, क्रान्तिभन्दा पहिलेका चिनियाँ किसानहरू शोषण र गरिबीले मात्रै थिचिएका थिएनन्, बरु वर्षैपिच्छे ७२ देखि ८० प्रतिशत जनताले प्राकृतिक क्षति सहनु पर्दथ्यो । भूगोलका स-साना विद्यार्थीहरू पनि 'चीनको शोक' को नामले जानिने ह्वाङहोजस्ता डरलाग्दो नदीको बाढी, सुख्खा, असिना, कीरा पर्नेजस्ता अनेकौँ प्रकारका प्राकृतिक क्षतिले चिनियाँ किसानहरूले वर्षैपिच्छे ठुलठुला क्षति व्यहोर्नुपर्थ्यो । यी सबै किसिमका प्राकृतिक प्रकोपहरूबाट बच्न 'पारस्परिक सहयोग दल' मात्रै समर्थ थिएन । वैज्ञानिक खेती गर्न, प्राकृतिक प्रकोपबाट बच्न र समाजवादी खेती व्यवस्था कायम गर्न 'पारस्परिक सहयोग दल' ले क्रमश: 'प्राथमिक सहकारी' र 'अगाडि बढेको सहकारी' को स्थापनापछि जन कम्युनको प्रयोग भएको थियो । त्यसले माथिका समस्याहरूलाई सजिलैसित हल गर्न सकेको थियो ।

...

**पारस्परिक सहयोग दल**

पारस्परिक सहयोग दलको स्थापना नै चिनियाँ जनकम्युनको विजारोपन थियो । त्यस दलको स्थापनाको आन्दोलन खास गरेर १९५३ फेब्रुअरी महिनादेखि तीव्रगतिले सुरु भएको थियो । त्यस पारस्परिक सहयोग दलमा ७ देखि १५ घरसम्म सदस्यहरू हुन्थे । त्यस दलको मुख्य उद्देश्य उत्पादन बढाउनु र श्रममा सामूहिकताको विकास गर्नु थियो । त्यस दलका सबै सदस्यहरूले एकपछि अर्काको खेतमा गएर काम गर्थे । खेत आफ्नै हुन्थ्यो र आफ्नै इच्छाअनुसारको उत्पादन गर्न पाउँथे । तर, काम गर्दा सबै सदस्यहरूको औजारहरू काममा लगाउनुपर्दथ्यो । त्यो पारस्परिक सहयोग दलको काम नेपालको ( उपत्यकाका नेवार) किसानहरूको 'बोला वानेगु' वा पर्म जाने प्रचलनसँग मिल्थ्यो । त्यसबेला आफ्नो खेतको उत्पादन आफ्नै हुन्थ्यो र कामको बदला कामैले अथवा कामको बदला ज्यालाले पनि परस्परमा काम चलाउँथ्यो । आज 'क' को खेतमा चौध जना ज्यामी गइदियो भने चौधै जनाको काममा पनि 'क' गइदिन्थ्यो । यदि 'क' ले तिनीहरू कहाँ काम गर्न गएन अथवा जान सकेन भने उसले सबैलाई श्रमको सट्टा उचित ज्याला दिनुपर्दथ्यो । तर, खास गरेर यस पारस्परिक सहयोग दलमा ज्यामीको सट्टा ज्यामी नै गइदिने नियम थियो र कसैले ज्यामी गइदिएको दिन बढी छ भने कसको खेतमा कति कति दिन बढी काम गरेको थियो त्यसअनुसार उसलाई अरुले ज्याला दिनुपर्दथ्यो ।

यसरी पारस्परिक सहयोग दलले आफ्ना दलका सदस्यहरूको खेतीको औजारको कमीलाई केही मात्रामा हल गरेर समयमै खेतको काम सिध्याउँथ्यो । साथै काममा निपुणता बढेर उत्पादनमा वृद्धि हुन्थ्यो र किसानहरूको आम्दानी पनि बढ्थ्यो । पारस्परिक सहयोग दल दुई किसिमका थिए - एक खनजोत र बाली काट्ने समयमा मात्र सङ्गठित हुने र अर्को वर्षभरि सङ्गठित भइरहने ।

पारस्परिक सहयोग दलको स्थापनाले व्यक्तिगत खेती गरेको बेलाभन्दा बढी सुविधा र फाइदा त अवश्यै हुन्थ्यो ।

तर, पारस्परिक सहयोग दलमा सामूहिक श्रम र अव्यवस्थित (विकेन्द्रित) प्रबन्धको बिचमा उत्पन्न हुने अन्तरविरोधलाई यसले मात्रै समाधान गर्न सक्दैनथ्यो किनभने अव्यवस्थित प्रबन्धमा सामूहिक श्रम राम्रोसँग सञ्चालन हुन सक्दैनथ्यो । उत्पादनका साधनहरूमा व्यक्तिगत स्वामित्व भएकोले हरेकले आफ्ना साधनहरूलाई इच्छाअनुसार उपयोगमा ल्याउँथे र सामूहिक श्रमको राम्रो उपयोग हुनसक्दैनथ्यो । काममा ल्याउन सक्ने गोरु, गधा आदि भएकाहरू अलि हुनेखाने किसानले बढी फाइदा उठाउँथ्यो । त्यसले गर्दा वर्गभेद अथवा आन्तरिक आर्थिक स्तरमा असमानता बाँकी नै हुन्थ्यो । यस किसिमको अन्तरविरोधलाई हटाउन र भएको वर्गभेदलाई समाप्त पार्दै लैजान पारस्परिक सहयोग दलभन्दा उँचो किसिमको खेती उत्पादन सङ्गठनको आवश्यकतालाई महसुस गर्न थालियो । त्यस आवश्यकता र मागअनुसार 'प्राथमिक खेती सहकारी संस्था' को स्थापना भयो ।

**प्राथमिक सहकारी संस्था**

प्राथमिक खेती सहकारी संस्थाहरूको स्थापनाको आन्दोलन १९५४ को अन्ततिर सुरु भएको थियो । यस प्राथमिक खेती सहकारी संस्था २०-३० घरहरू मिलेर बनेको हुन्थ्यो । त्यो प्राथमिक खेती सहकारी संस्था अर्ध-समाजवादी संस्था थियो । त्यसमा उत्पादनका केही साधनहरू सामूहिक प्रबन्धमा हुन्थे र खेती व्यक्तिहरूकै हुन्थ्यो र सबैका खेतहरूको आली भत्काएर ठुलो चक्ला बनाई काम गर्थे । अनि उत्पादनको केही भाग त्यस प्राथमिक खेती सहकारी संस्थाका सदस्यहरूलाई आफ्नो खेतको




अनुपातमा वितरण हुन्थ्यो र उत्पादनको केही भाग संयुक्त प्रबन्धमा रहेका कुटो कोदाली, हल, गोरु, गधा, भैँसी आदि उत्पादनका साधनहरूलाई बहालको रूपमा वितरण गरिन्थ्यो । त्यसबाहेक सामूहिक उत्पादनको धेरै भाग कामको दिनको हिसाबले काम गर्नेहरूलाई वितरण गर्थे र अरु केही भाग सामूहिक कल्याणको लागि बचाउँथे र केही भाग आफ्नो संस्थाको ढुकुटीको लागि पनि बचाउँथे ।

राम्रोसँग सोच्ने हो भने त्यस प्राथमिक खेती सहकारीमा उत्पादनका साधनहरू व्यक्तिगत स्वामित्वबाट सामूहिक स्वामित्वतिर विस्तारै सङ्क्रमण भएको देखिन्थ्यो । उत्पादनको मुख्य साधन जग्गामा व्यक्तिगत स्वामित्व भने कायमै थियो । तापनि, जम्मा उत्पादनको केही भागमात्रै जग्गाको अनुपातको आधारमा पाउँथे ।

प्राथमिक खेती सहकारी संस्थाको सुरु सुरुमा उत्पादनका औजार या साधनहरू अर्थात् काममा ल्याउने जनावरहरू र कुटो, कोदाली, हल आदिमा व्यक्तिगत स्वामित्व भएको हुनाले त्यस काममा ल्याइएको वस्तुको भाग दिइन्थ्यो । तर, पछि विस्तार विस्तार संस्थाले आफ्नै ज्यावल किन्ने क्षमता राखेपछि व्यक्तिहरूको औजारको महत्त्व घट्न जाने स्वाभाविकै थियो । त्यसले गर्दा विस्तार विस्तार व्यक्तिगत स्वामित्व भएका औजारहरूलाई भाडा अथवा बहालमा दिन छोडियो ।

त्यस्तो उत्पादनका औजारहरूमा भाग अथवा बहाल नदिँदा पनि व्यक्तिहरूको आर्थिक जीवनमा केही अन्तर आउने भएन र विस्तारै पहिले आफ्नो औजारहरूको कम महत्त्व भएपछि भाडामा दाबी गर्न पनि छोडे र त्यही औजारहरू व्यक्तिगत स्वामित्वबाट विभिन्न प्रकारले सामूहिक स्वामित्वमा परिणत भए । त्यसरी उत्पादनका साधनहरूलाई भाग दिन नपर्दा सहकारी संस्थाको सम्पत्ति पनि बढ्दै जान थाल्यो, जसमा सबैको स्वामित्व हुन्थ्यो । यो अवश्य पनि समाजवादी चरित्रको स्वामित्व थियो ।

तर पनि उत्पादनको मुख्य साधन भूमिमा व्यक्तिगत स्वामित्व छँदै थियो । त्यसैले सामूहिक उत्पादनको केही अंश खेतको धनीले पाउँथ्यो र 'हरेकलाई कामअनुसारको ज्याला' को सिद्धान्तअनुसार पूर्णतया वितरण व्यवस्था लागु भइसकेको थिएन । उत्पादनको केही अंश बहालको रूपमा दिइसकेपछि बाँकी भएको उत्पादनको बढी भाग 'कामअनुसार' को सिद्धान्तअनुसार वितरण गरिन्थ्यो । त्यसैले, यस प्राथमिक खेती सहकारी संस्थालाई पूर्ण समाजवादी भन्न नसकेर अर्ध-समाजवादीमात्र भनिन्थ्यो ।

उक्त कुराहरूले स्पष्ट छ, प्राथमिक खेती सहकारी पारस्परिक सहयोग दलभन्दा धेरै अगाडि बढेको संस्था थियो । पारस्परिक सहयोग दलमा व्यक्तिगत आर्थिक प्रबन्ध हुन्थ्यो, जो धेरै सानो आकारको र अव्यवस्थित तरिकाले सञ्चालन गरिन्थ्यो । प्राथमिक खेती सहकारी संस्थामा केन्द्रित सामूहिक प्रबन्धको आधारमा व्यक्तिगत, सानो आकारको उत्पादनबाट ठुलो आकारको सामूहिक उत्पादनमा फेरिनुको साथै उत्पादनका साधनहरूको राम्रो र उचित प्रयोग गर्न सकियो । यसले गर्दा माटोको उब्जाउपनबाट बढी फाइदा लिन पनि सफल भयो । प्राथमिक खेती सहकारी संस्थामा पारस्परिक सहयोग दलमा काम गर्ने ढाँचाभन्दा बढी सामूहिक र ठुलो आकारको भएकोले श्रम शक्तिको राम्रो प्रयोगको लागि योग्यताअनुसार कार्य विभाजनको सिद्धान्तलाई लागु गर्न लाग्यो । कार्य विभाजनद्वारा श्रम शक्तिको राम्रो उपयोगले गर्दा उत्पादनमा वृद्धि हुनु स्वाभाविक थियो । पारस्परिक सहयोग दलमा भन्दा प्राथमिक सहकारी खेतीमा उत्पादन बढ्नुको एक अर्को कारण त्यसको समाजवादी वितरणको व्यवस्था थियो । उत्पादनको बढी भाग हरेकलाई कामअनुसार वितरण गर्नाले बढी काम गर्नेले बढी कामको ज्याला पाउन थाले, त्यसको राम्रो व्यवस्था पारस्परिक सहयोग दलमा थिएन । कामअनुसारको वितरण व्यवस्था लागु गर्दा पारस्परिक सहयोग दलको बेलाभन्दा बढी काम गर्ने उत्साह किसानहरूमा देखिन थाल्यो र साँच्चै धेरै बढी उत्साह र मन दिएर काम गरे । माथिका उत्पादनका साधनहरू, श्रम शक्तिको उचित प्रयोग तथा वितरण व्यवस्था समाजबाटै लागु गर्नाले किसानहरूको बढी काम गर्ने इच्छाले गर्दा पारस्परिक सहयोग दलको समयमा भन्दा प्राथमिक खेती सहकारीमा १६ देखि ३० प्रतिशतभन्दा बढी उत्पादन बढ्यो ।

यदि कसैले प्राथमिक खेती सहकारी संस्थाको सदस्यता कुनै कारणले त्याग्न खोजेमा, खुसीसाथ त्याग्न सक्दथ्यो । सदस्यता त्याग्दा खेती संस्थामा गाभेका आफ्ना सबै उत्पादनका साधनहरू फिर्ता पाउँथ्यो, साथै आफू सहकारी संस्थाको सदस्य भइरहँदासम्ममा संस्थाले पाएको अथवा आम्दानी गरेको धन वा मालसामान आफूले पाउनुपर्ने उचित भाग पनि नाफाको रूपमा पाउँथ्यो । त्यस संस्था त्याग्ने व्यक्तिलाई दिइने नाफा संस्थाको कुल नाफामा अरु सदस्यहरूले जतिकै अनुपातमा उसले पाउँथ्यो । त्यो प्राथमिक खेती सहकारी संस्थाको नियम हो । संस्था त्याग्न चाहने व्यक्तिको आफ्नो पहिलेको जग्गामा सहकारी संस्थाको घर वा सडक आदि निर्माणको कार्य भइसकेको रहेछ भने त्यसै किसिमको उत्तिकै जग्गा (खेत) उसलाई अरु पायक पर्ने ठाउँको दिइने नियम थियो ।

प्राथमिक खेती सहकारी संस्था अर्ध-समाजवादी संस्था थियो । त्यसमा समाजवादी अंशको साथसाथै व्यक्तिगत स्वामित्व पनि गाभिएको थियो । यी दुई परस्परविरोधी तत्त्वहरूमा अन्तरविरोध देखिनु स्वाभाविक थियो, जसले उत्पादनको कार्यमा बाधा उत्पन्न हुन्थ्यो । एकातिर जमिनमा व्यक्तिगत स्वामित्वको दाबा गर्ने हक थियो भने अर्कोतिर उत्पादनका अरु सामानहरू अर्ध-समाजवादी थिए । त्यस्तो बेलामा वैज्ञानिक खेतीको लागि जग्गामा लगाइने पुँजी, अरु चौपाया र उत्पादनका औजारहरूको उचित प्रयोग गर्नमा बाधाहरू आउनु स्वाभाविकमात्र होइन अनिवार्य पनि थियो । त्यति मात्रै होइन कुल उत्पादनको केही भाग खेत र औजारहरूलाई पनि बहालको रूपमा हिस्सा पाउने हुँदा काममा लगाइने चौपायाहरू र अरु औजारहरू हुने पहिलेका धनी किसानहरूले चौपाया र उत्पादनका औजार नभएका गरिब किसानहरूको भन्दा बढी मात्रामा उत्पादनको हिस्सा पाउँथे । उत्पादनका औजारहरू नभएका गरिब किसानहरू भने धनी किसानहरूलाई दिइने त्यस उत्पादनको भागबाट वञ्चित हुन्थे । त्यसले वितरणमा असमानता हुन्थ्यो र उत्साहपूर्वक काम गर्ने गरिब किसानहरूको काम गर्ने हौसलामा धक्का लाग्थ्यो र आर्थिक विषमता पनि बढ्दै जाने लक्षण पनि स्पष्ट देखिन्थ्यो ।

ती सबै बाधाहरू र अन्तरविरोधलाई हटाउन उत्पादनका साधनहरूमा भएको व्यक्तिगत स्वामित्वलाई जरैदेखि उखेल्नुपर्छ भन्ने कुरोलाई बुझे तथा उत्पादनको एक निश्चित मात्रा बढाउन उत्पादनका सबै साधनहरूमा सामूहिक स्वामित्व कायम हुनु जरुरी छ भन्ने कुरोलाई पनि अनुभव गरियो, किनभने प्राथमिक खेती सहकारीको केन्द्रित प्रबन्ध र सामूहिक श्रमको प्रयोगले भएको उत्पादनको वृद्धिसँग किसानहरू पर्याप्त मात्रामा परिचित भइसकेका थिए । यसका साथै उत्पादनका साधनहरूमा व्यक्तिगत स्वामित्व नभएर सामूहिक स्वामित्वमा आधारित ठुलो आकारको खेती गर्नाले उत्पादनमा धेरै वृद्धि हुने कुरोलाई बहुमत किसानहरूले महसुस गरिसकेका थिए । त्यसप्रकारको खेती गर्नाले उत्पादनका साधनहरूमा व्यक्तिगत स्वामित्व भएको अथवा व्यक्तिगत तरिकाले खेती गरेको बेलाभन्दा धेरै गुणा फाइदा भएको पाए र सहकारी संस्थाको सामूहिक सञ्चित धनको उत्तरोत्तर वृद्धि र सामूहिक उत्पादनका साधनहरूको वृद्धिले गर्दा व्यक्तिगत उत्पादनका साधनहरूलाई कम महत्त्व दिन थालियो । प्राथमिक खेती सहकारी संस्थाको केन्द्रित प्रबन्ध र सामूहिक श्रमद्वारा गरिएको ठुलो आकारको खेतीको फाइदाले किसानहरूमा समाजवादी चेतना बढ्दै गयो र उत्पादनलाई वृद्धि गर्न त्यो अर्ध-समाजवादी प्राथमिक सहकारी संस्थालाई पूर्ण समाजवादी सहकारी संस्थामा परिणत गर्नु आवश्यक थियो । किसानहरूले राम्ररी बुझेर अगाडि बढेको पूर्ण समाजवादी सहकारी संस्थाको माग गर्न लागे । यसरी अर्ध-समाजवादी सहकारीको विकासले नै समाजवादी सहकारीको लागि चाहिने अवस्थाहरूलाई विस्तार विस्तार तयार गर्दै लगेको थियो । साथै अर्कोतिर चिनियाँ कम्युनिस्ट पार्टीले जनतालाई समाजवादी खेती सहकारी संस्था बनाउनको लागि उत्साहित गर्दै पनि थियो । चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओ त्सेतुङले किसानहरूलाई साना अर्ध-समाजवादी खेती सहकारी संस्थाहरू मिलेर ठुलठुला पूर्ण समाजवादी खेती सहकारी संस्था बनाएमा बढी फाइदा हुन्छ भनेर 'चीनको गाउँतिर समाजवादको लहर' भन्ने किताबमा सङ्केत गर्नुभयो । उहाँले भन्नुभयो, "खास गरेर अहिले हाम्रो अर्ध समाजवादी सहकारी संस्थाहरूमा २०-३० परिवारमात्र छन् । यस किसिमको सहकारी संस्थाहरू सञ्चालन गर्न सजिलो हुन्छ र तिनीहरूबाट चाँडै अनुभव प्राप्त गर्न र व्यवस्थापकहरू तथा सदस्यहरूलाई तालिम गर्ने मौका पाउनेछन् । तर, स-साना संस्थाहरूमा सदस्य, जग्गा र धनको कमी हुन्छ । तिनीहरूले ठुलो आकारको अथवा यन्त्रहरू उपयोग गर्न सक्दैनन् । तिनीहरूको उत्पादन शक्तिको उन्नति सधैँ अवरुद्ध नै रहन्छ । यही अवस्थामा तिनीहरू धेरै कालसम्म बस्नु हुँदैन, बरु अरु सहकारी संस्थाहरूमा मिल्न जानुपर्छ ।"

यसरी जनता आफैँ पनि ठुलठुला पूर्ण समाजवादी सहकारी संस्थाहरू बनाउन माग गर्दै थिए र अर्कोतिर चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओको नेतृत्वमा समाजवादी सहकारी संस्थाहरू बनाउन प्रेरणा दिइँदै थियो । सन् १९५५ को जन गणनाअनुसार १,६९,२०,००० अथवा १४.२ प्रतिशत परिवारले सहकारी खेतीमा भाग लिएका थिए । त्यसमध्ये १,६८,८०,००० अर्ध-समाजवादी र ४०,००० समाजवादी सहकारी संस्थाहरूमा सम्मिलित भएका थिए । तर, १९५६ को जूनसम्ममा ११,०५,१०,००० अथवा ९७.७ प्रतिशत चिनियाँ किसान परिवारले अर्ध-समाजवादी र समाजवादी सहकारी संस्थामा भाग लिइसकेका थिए ।

ती माथिका सङ्ख्याहरूले चिनियाँ किसानहरू धेरै छिटछिटो अर्ध समाजवादी व्यवस्थासँग परिचित हुँदै गएको स्पष्ट गर्छ ।




आइतबार, अफ्रिकी सङ्घ (एयू) को राज्य प्रमुख र सरकारको सभाको ३७ औं साधारणसत्रमा भाग लिने अफ्रिकी नेताहरूले इथियोपियाको राजधानी अदिस अबाबामा पान-अफ्रिकी निकायको मुख्यालय तान्जानियाका दिवङ्गत पूर्वराष्ट्रपति म्वालिमु जुलियस न्येरेरेको जीवन आकारको प्रतिमाको अनावरण गरे। उक्त परिसरमा इथियोपियाका पूर्वसम्राट हाइले सेलासी र घानाका पूर्वराष्ट्रपति क्वामे एनक्रुमाको पनि प्रतिमा रहेका छन्।

*तस्बिर : टेलेसुर*

# पहिरन तथा तालिबानको आदेशका कारण अफगान महिला एक्लै बाहिर जान डराउँछन् : संयुक्त राष्ट्रसङ्घ

इस्लामावाद, ८ फागुन (एपी)। युएन मिसनको रिपोर्टअनुसार अफगानिस्तानमा तालिबानको आदेश, बोझिलो पहिरन तथा अभिभावक माथि लादिएको अभियानको कारण अफगान महिला एक्लै आफ्नो घर छोड्न डराउने गरेको देखाएको छ।

कतारको राजधानी दोहामा आयोजित बैठक अघि जारी गरिएको रिपोर्टमा सदस्य राष्ट्र र अफगानिस्तानका लागि विशेष दूतहरूले तालिबानसँग संलग्नतावारे छलफल गर्ने अपेक्षा गरेको छ।

तालिबानले सन् २०२१ मा सत्ता सम्हालेपछि महिलालाई सार्वजनिक जीवनका अधिकांश क्षेत्रहरूमा प्रतिबन्ध लगाउँदै केटीहरूलाई छ कक्षा भन्दा माथिको शिक्षाको पहुँच निषेध गरेको छ।

महिलाहरूको काम, यात्रा र स्वास्थ्य सेवाको पहुँचसमेत प्रतिबन्ध गरी अविवाहित वा पुरुष अभिभावक नभएकाहरूसमेतलाई तालिबानको अभियानको पालना नगरे पक्राउ गरिरहेको छ।

रिपोर्टले गिरफ्तारी, उत्पीडन र धम्किपूर्ण आदेश लागु गरिएको उल्लेख गरेको छ। महिलालाई गिरफ्तारी धम्की, प्रहरी हिरासत जानुपर्ने दीर्घकालीन कलङ्क र लाजका कारण सार्वजनिक स्थानमा जान डर बढ्दै गएको जनाएको छ।

रिपोर्टका लागि अन्तरवार्तामा सहभागी अधिकांश महिलाले पुरुष अभिभावक वा संरक्षक बिना घरबाट बाहिर निस्कन असुरक्षित महसुस गरेको बताएका छन्।

महिलालाई लक्षित गरी नयाँ आदेश घोषणा गर्दा उनीहरूको सुरक्षा र चिन्ताको जोखिम बढ्ने प्रतिवेदनमा उल्लेख गरिएको छ।

यस्तो खालको प्रतिबन्दले घर बाहिर जाने उत्प्रेरणा तथा फुर्सदको क्षणको आनन्द लिने सम्भावनासमेत घटेर जाने रिपोर्टले जनाएको छ।

केही महिलाले दिएको जानकारीअनुसार पुरुष पनि महिलासँग घर छोड्न डराउने र अनिच्छुक रहेकाले उनीहरूमा तालिबानको व्यापक तथा मानवताविरोधी उत्पीडनको पर्दाफास भइरहेको छ।

रिपोर्टको टिप्पणीका लागि तालिबानको नैतिकता प्रहरी आदेश लागू गर्न मन्त्रालयबाट तुरुन्तै उपलब्ध भएनन्।

मानवअधिकार निगरानीकी हिथर बारले एसोसिएटेड प्रेसलाई अफगान महिलाको साथ नदिई घर छोड्ने डर हानिकारक र विनाशकारी भए तापनि आश्चर्य जनक नभएको बताउनुभएको छ।

महिलाहरूलाई घरबाट बाहिर निस्कनबाट डराउनु तालिबानको विशेष लक्ष्य जस्तो देखिएको उहाँले बताउनुभयो।

दोहामा आयोजित सो छलफलमा यो विषयले प्रश्न खडा गरेको उहाँले बताउँदै बैठकको उद्देश्य सङ्कटको मात्रा नभई विश्वभरका महिलाका लागि आश्चर्य जनक भन्नुभयो।

अफगानिस्तानका लागि इयु दूतले गत वर्ष तालिबानलाई चेतावनी दिँदै महिलामाथि लगाइएको प्रतिबन्ध नहटाएसम्म स्वात्त देशको वैध सरकारको अन्तर्राष्ट्रिय मान्यता असम्भव रहने बताउनुभएको थियो।

# जापानमा बेमौसमी तापक्रम बढ्यो

टोकियो, ८ फागुन (सिन्हवा)। उत्तरी जापानका विभिन्न स्थानमा फेब्रुअरी सुरु भएसँगै दिनको समयमा तापक्रम एक्कासि बढेको छ। दक्षिण क्षेत्रबाट न्यानो हावा बहदा सोमबार जापानभर तापक्रम एक्कासि बढेको मौसम निकायले जनाएको छ।

होक्काइडोको मोम्बेत्सु सहरमा तापक्रम बढेर १७.१ डिग्री सेल्सियस पुगेको छ। सो तापक्रम सामान्यतया जुन महिनाको अन्त्यमा अनुभव हुने तापक्रम हो।

यसैबिच उत्तरी जापानको अकिता सहरमा पनि तापक्रम २०.१ डिग्री, मध्य जापानको कानाजावा सहरमा २१.८ डिग्री र मध्य टोकियोमा १६.५ डिग्री पुगेको छ। मङ्गलबार जापानका थुप्रै भागहरूमा बेमौसमी तातो मौसम जारी रहने अनुमान गरिएको छ।

मौसम अधिकारीहरूले उत्तरी र पूर्वी जापानका फराकिला क्षेत्रमा वर्षा हुने सम्भावना रहेको बताएका छन्। एक्कासि तापक्रममा वृद्धि हुँदा हिउँ पग्लने अधिक सम्भावना रहेकाले तल्लो क्षेत्रका मानिसहरूलाई सम्भावित बाढी, खोल्सा र हिमपहिरोको जोखिम पर्न सक्ने भएकाले सतर्क रहन आह्वान गरिएको छ।

# गाजामा तत्काल युद्धविरामको आह्वान गर्न नयाँ मस्यौदा प्रस्तावमा मतदान हुँदै

संयुक्त राष्ट्रसङ्घ, ८ फागुन (एएफपी)। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले मङ्गलबार गाजामा तत्काल युद्धविरामको आह्वान गर्न नयाँ मस्यौदा प्रस्तावमा मतदान गर्दैछ। यस सन्दर्भमा तेस्रो अमेरिकी भिटोको खतरा हुँदाहुँदै पनि संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले मानवीयता रक्षाका लागि यो प्रक्रिया गरिरहेको दावी गरिरहेको छ। अल्जेरियाले तयार गरेको दस्तावेजमा तत्काल मानवीय युद्धविरामको माग गरिएको छ।

इजरायलले दक्षिणी गाजापट्टीको सहर राफाहमा सर्ने तयारी गरिरहेको बेला मतदान भएको छ। आक्रमण रोक्नका लागि चौतर्फी दबाब बढिरहेको छ।

मस्यौदा प्रस्तावले प्यालेस्टिनी नागरिकको कारुणिक विस्थापन तथा गैरमानवीय कार्यको विरोध गर्दै सबै हमास बन्धकहरूको रिहाइको माग पनि गरिरहेको छ।

संयुक्त राज्य अमेरिका र इजरायलले अस्वीकार गरेका अन्य अघिल्लो प्रस्ताव जस्तै नयाँ प्रस्तावले भने हमासको अक्टोबर ७ मा गरिएको आक्रमणको निन्दा गर्दैन।

एएफपी टोलीका अनुसार आक्रमणले दक्षिणी इजरायलमा लगभग एक हजार एक सय ६० जनाको ज्यान लिएको छ। जसमा अधिकांश निहत्था नागरिक रहेका छन्।

हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयको पछिल्लो विवरणअनुसार इजरायलको जवाफी अभियानमा महिला तथा बालबालिकासहित गाजामा २९ हजारभन्दा बढी मानिस मारिएका छन्।

संयुक्त राज्य अमेरिकाले अल्जेरियाको प्रस्ताव स्वीकार्य नभएको चेतावनी दिँदै यसलाई भिटो प्रयोग गर्ने धम्की दिएको छ।

परिषद्को कार्यले परिस्थितिजन्य मद्दत गर्ने विषयमा विश्वास नगर्ने संयुक्त राष्ट्रसङ्घका लागि अमेरिकी उप राजदूत रोबर्ट वुडले सोमबार बताउनुभयो। उहाँले प्रस्ताव मतदानमा आएमा अगाडि नबढ्ने उल्लेख गर्नुभयो।

वुडका अनुसार युद्धविराम प्रस्ताव पारित भएपछि जारी नाजुक कूटनीतिक वार्ताले गाजाबाट बन्धकको रिहाइ प्रक्रियालाई खतरामा पार्नेछ।

संयुक्त राज्य अमेरिकाले यसको सट्टा वैकल्पिक मस्यौदा प्रस्तुत गर्ने एएफपीले सोमबार उल्लेख गरेको छ।

यद्यपि, उक्त प्रस्तावमा समावेश गरिएको युद्धविराम शब्दको संयुक्त राज्य अमेरिकाले पहिले बेवास्ता गर्दै अक्टोबर - डिसेम्बरमा दुई ड्राफ्ट माथि भिटो प्रयोग गरेको थियो। अमेरिकाको उक्त कदमबाट तत्काल युद्धविराम हुने कुनै छनक देखिएको छैन।

## विश्व सङ्क्षेप

### इराकी राष्ट्रपतिद्वारा सद्रवादी कार्यकर्ता हत्याको निन्दा

बग्दाद, ८ फागुन (सिन्हवा)। इराकी राष्ट्रपति अब्दुल लतिफ रशिदले सोमबार शिया धर्मगुरु मुक्तादा अल-सद्रप्रति वफादार एक जना प्रमुख कार्यकर्ताको अपहरण र हत्याको निन्दा गर्नुभएको छ। उहाँले यस घटनालाई सुरक्षा, स्थिरता र शान्तिपूर्ण सहअस्तित्वका लागि खतरा भएको बताउनुभएको छ।

रशिदले विज्ञप्ति जारी गर्दै प्रसिद्ध ब्लगर आयसेर अल-खाफाजीको हत्या कानुनको उल्लङ्घन हो भन्दै सुरक्षा बलहरूलाई नागरिकको सुरक्षाका लागि सुरक्षा उपायहरू कडा पार्न निर्देशन दिनुभएको छ। उहाँले उक्त घटनाको छानबिन गरी दोषीलाई कानुनी कठघरामा ल्याउन पनि उहाँले सम्बन्धित पक्षलाई आग्रह गर्नुभएको छ।

अल-खाफाजी सोमबार बिहान राजधानी बगदादबाट करिब १०० किलोमिटर दक्षिणमा रहेको हिला सहरको उत्तरमा रहेको जेबाला क्षेत्रमा राजमार्गको छेउमा मृत फेला परेका थिए। उनलाई आइतबार साँझ घर नजिकैको समूहले अपहरण गरेको आन्तरिक मन्त्रालयको स्रोतले नाम न छाप्ने शर्तमा सिन्हवालाई बताएको छ।

अल-खाफाजी अल-सद्रका प्रभावशाली अनुयायी थिए जसले सद्रिस्ट आन्दोलनको नेतृत्व गर्दै लाखौं इराकीहरूको कमाण्ड गरिरहेका थिए।

### मङ्गोलियामा ४९ वर्षपछि भारी हिमपात चिसोले छ लाख ६७ हजार पशु मरे

उलान बातोर, ८ फागुन (सिन्हवा)। यस हिउँदमा, मङ्गोलियामा कीर्तिमानी हिमपात भएको छ। जुन सन् १९७५ पछिको सबैभन्दा उच्च रहेको मौसम विज्ञान र वातावरणीय अनुगमनका लागि राष्ट्रिय एजेन्सीले मङ्गलबार जनाएको छ। यस हिउँदमा हालसम्म औसत हिमपात ९.६ मिलिमिटर पुगेको मौसम अनुगमन निकायले जनाएको छ।

मङ्गोलियाका लगभग सबै प्रान्तहरूमा बारम्बार भारी हिमपात भएको छ। बारम्बार हिमपातका कारण यस हिउँदमा चरम चिसोको अनुभव गरिएको एजेन्सीले जनाएको छ। देशको ८० प्रतिशतभन्दा बढी भाग हिउँले ढाकेको छ। सोमबारसम्म मङ्गोलियामा अत्यधिक चिसो मौसमका कारण हुने पशुको मृत्युको सङ्ख्या छ लाख ६७ हजार ८४१ पुगेको छ।

मङ्गोलिया संसारको नोमाडिक देशहरूको मध्ये एक हो यहाँ लगातार कडा हिमपात, धुलो, आँधीहुरी आइरहने कठोर महाद्वीपीय जलवायुले युक्त छ।

### जनवरीमा ६ सयभन्दा बढी श्रीलङ्काली कृषिका लागि इजरायल प्रस्थान

कोलम्बो, ८ फागुन (सिन्हवा)। जनवरी महिनामा ६०० भन्दा बढी श्रीलङ्कालीहरू कृषि क्षेत्रको कामका लागि इजरायल गएको श्रम तथा वैदेशिक रोजगार मन्त्री मानुषा नानायक्काराले सोमबार सञ्चारमाध्यमलाई बताउनुभएको छ। उहाँले गत जनवरीमा ६०२ जना श्रीलङ्काली कृषि कार्यका लागि श्रीलङ्का गएको बताउनु भएको छ। मन्त्रीले छिट्टै इजरायली कृषि मन्त्रीलाई भेटेर त्यहाँ कृषि मजदुर पठाउने औपचारिक सम्झौतामा हस्ताक्षर गर्ने जानकारी दिनुभएको छ। नानायक्काराले गत वर्ष एक हजार ७० श्रीलङ्काली हेरचाहकर्ताको रूपमा इजरायलमा रोजगारीका लागि गएको पनि जानकारी दिनुभएको छ। इजरायल आधुनिक प्रविधियुक्त कृषि प्रणालीका लागि विश्वविख्यात छ।

### डब्लुएचओद्वारा इथियोपियामा प्रकोपविरुद्ध लड्न १७ वटा हैजा उपचार केन्द्र स्थापना

डिडिस अबाबा, ८ फागुन (सिन्हवा)। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले सोमबार इथियोपियामा हैजा प्रकोपविरुद्ध लड्न १७ वटा हैजा उपचार केन्द्र स्थापना गरेको छ।

संयुक्त राष्ट्रसङ्घ स्वास्थ्य एजेन्सीले जनाएअनुसार भर्खरै स्थापित उपचार केन्द्रहरूले हैजाको उपचारको लागि बिरामी हेरचाहको उपलब्धता, पहुँच र गुणस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेको छ। डब्लुएचओले यस कदमले पीडितको जीवन बचाउनका लागि महत्वपूर्ण र प्रभावकारी काम गर्ने बताएको छ।

त्यसमा आवश्यक चिकित्सा उपकरणले सुसज्जित ७१८ शय्या क्षमताको हैजा उपचार केन्द्रमा स्क्रिनिङ र ट्राइज, अवलोकन, भर्ना, रिकभरी, फोहोर व्यवस्थापन, लुगा धुने, क्लोरिन तयारी, भान्छालागायतको व्यवस्थापन गरिएको छ।

डब्ल्युएचओका अनुसार इथियोपियामा चलिरहेको हैजाको प्रकोपबाट मृत्यु हुनेको सङ्ख्या ४६८ पुगेको छ भने जनवरी ३० सम्म पूर्वी अफ्रिकी देशमा ३२ हजार ५४८ हैजाको घटना रिपोर्ट गरिएको छ।

इथियोपियामा हैजाको प्रकोप फैलिएको बिच संयुक्त राष्ट्रसङ्घ एजेन्सी महामारी फैलिनुका कारण पत्ता लगाई समाधानका लागि आवश्यक कदम चाल्न सबै पक्षसँग आह्वान गरिरहेका छन्।

इथियोपियामा हैजाको प्रकोप जारी रहेका बेला संयुक्त राष्ट्रसङ्घका एजेन्सी र मानवीय साझेदारहरूले देशमा बारम्बार हैजाको प्रकोपको फैलनुका मूल कारणहरूलाई सम्बोधन गर्न दिगो समाधानका लागि आह्वान गरिरहेका छन्। मूलत: कम गुणस्तरको पिउने पानी र खुला शौचालय नै मुख्य कारण मानिन्छन्।

# समय सापेक्षतामा समाचार समिति

- श्रीरामसिंह बस्नेत

काठमाडौँ । विश्व पत्रकारिता जगत्मा समाचार समितिको आफ्नै अहम् स्थान रहिआएको छ । यद्यपि, समाचार समिति पत्रकारिताको प्रादुर्भाव दुई शक्तिशाली देशबिचको ऐतिहासिक युद्धपछि सिर्जित विषम परिस्थिति र बाध्यताको उपजको रूपमा भएको हो । सन् १८१५ मा बेलायत र फ्रान्सबिचको युद्धमा फ्रान्सको पराजय भयो । वाटर लु (त्यतिखेर बेलायत अधिनस्थ निदरल्यान्डस्मा पर्ने वाटर लु अहिले बेल्जियममा पर्दछ) को युद्धको नामले विश्व इतिहासमा चर्चित त्यस युद्धले फ्रान्सका शासक नेपोलियन बोनापार्टको अवसान गरायो । उनको अवसानसँगै फ्रान्स र बेलायतमात्रै होइन सिङ्गै युरोपको धेरै पक्षमा परिवर्तन आयो । युद्धअघिसम्म नेपोलियनको पक्षमा रहेर उनलाई नजिकबाट सघाइरहेका आफ्नो आगामी दिन सुरक्षित बनाउन विभिन्न बाटो लागे । कोही देश छोडेर पलायन भए, कोही पेसा परिवर्तन गरेर आफ्नो भाग्य अजमाउन लागे ।

युद्धमा पराजित नहुञ्जेलसम्म नेपोलियनका सेनालाई रासन र बन्दोबस्तीका सामान आपूर्ति गरेर राम्रो आयआर्जन गरिरहेका चार्ल्स लुइस हवासको युद्धपछि त्यो कारोबार बन्द भयो । उनी जीविकोपार्जनको लागि नयाँ काम खोज्न बाध्य भए । तर, हवास हरेस खाने किसिमका मानिस थिएनन् । उनी परिस्थितिको सही आकलन गरेर पाइला चाल्न सक्षम व्यवसायी थिए । त्यसैले उनले समाजमा समाचार, विचार र समसामयिक विषयका चर्चाप्रति बढ्दो जनअभिरुचिलाई दृष्टिगत गरी समाचार आपूर्तिको व्यवसाय गर्ने नयाँ सोच बनाए र सन् १८१६ देखि फ्रान्सको राजधानी पेरिस नगरीमा कार्यालय नै खोली त्यस्ता सामग्रीको सङ्कलन, अनुवाद र वितरण गर्ने नयाँ काम प्रारम्भ गरे ।

ती सामग्री प्रमुख पत्रपत्रिका र प्रमुख कार्यालय र व्यापारिक संस्थालाई स:शुल्क वितरण गर्ने नौलो कामबाट हवासलाई राम्रै फाइदा भयो । यो काम गर्ने कार्यालयलाई उनले सन् १९३२ मा ब्युरो हवास नाम दिए र अनुवाद सेवामा मात्र सीमित नरही केही युवा पत्रकारहरूलाई परिचालन गरी समाचार सङ्कलन र सम्पादन गरी आफ्नै स्वतन्त्र समाचार सेवा दिन थाले । सो व्यवसाय विस्तारै फस्टाउँदै गएपछि सन् १८३५ मा त्यसको नाम परिवर्तन गरी 'एजेन्से फ्राँसे प्रेसे' नाम दिइयो जसलाई छोटकरीमा एएफपी भनेर संसारभर चिनिन्छ । यो नै विश्वको पहिलो समाचार एजेन्सी हो ।

यसैलाई पछ्याउँदै सन् १८४८ मा अमेरिकाका एसोसिएटेड प्रेस र सन् १८५१ मा बेलायतमा रोयटर्स नामका समाचार एजेन्सीहरू सञ्चालनमा आए । यसरी युद्धको विभीषिकाबाट जन्मेको व्यवसाय आधिकारिक र विश्वसनीय समाचार सम्प्रेषणका लागि विश्वभर स्थापित हुन गयो ।

दक्षिण एसियामा पनि एजेन्सी पत्रकारिताको आफ्नै इतिहास रहेको छ । यसको श्रीगणेश भारतबाट भएको हो । भारतमा अङ्ग्रेज साम्राज्य चलिरहेकै बेलामा समाचार एजेन्सीको बीजारोपण गरिएको थियो, सन् १९१० मा एसोसिएटेड प्रेस अफ इन्डियाको नामबाट । पछि भारत स्वतन्त्र भएको लगत्तै सन् १९४८ मा प्रेस ट्रस्ट अफ इन्डिया (पीटीआई) को स्थापना भयो । दुई शताब्दीको वैदेशिक शासनसत्ताबाट मुक्ति पाएको भारतमा आफ्नै स्वतन्त्र र स्वाधीन समाचार एजेन्सी स्थापना हुनु एक समयसापेक्ष कदम थियो ।

अर्को शक्तिशाली राष्ट्र चीनले पनि समाचार एजेन्सीको महत्त्व पहिलेदेखि नै बुझेकोले सन् १९३१ मै रेड चाइना न्यूज एजेन्सी स्थापना भएको थियो । पछि सन् १९३७ मा यो सिन्ह्वामा रूपान्तरित भयो । चीनले खुला अर्थ नीति अपनाउन थालेपछि सिन्ह्वालाई अन्तर्राष्ट्रिय सञ्जालसहितको समाचार एजेन्सीका रूपमा विस्तार गरियो । विश्व बजारले उपयोग गर्ने प्राय: हरेक वस्तु र सेवाको उत्पादन र वितरणमा अग्रणी बन्ने नीति अँगालेको आधुनिक चीनले सिन्ह्वाको माध्यमबाट समाचारलाई पनि समयसापेक्ष बिकाउ सामान (कमोडिटी) का रूपमा विश्व मिडिया बजारमा बेचिरहेको छ ।

नेपालमा पनि एजेन्सी पत्रकारिताले साढे ६ दशकको इतिहास बनाइसकेको छ । विसं २०१६ मा स्थापित नेपाल संवाद समिति (नेसस) बाट नेपालमा समाचार समिति पत्रकारिताको इतिहास प्रारम्भ भएको पाइन्छ । यसको आवश्यकताको महसुस भने २०१५ सालमा गठित शाही प्रेस आयोगले गरेको थियो । नेससलाई पछ्याउँदै २०१६ सालमा सगरमाथा संवाद समिति (ससस) पनि अस्तित्वमा आयो । यसैबिच २०१७ सालको राजनीतिक परिवर्तनबाट देशका सबैजसो क्षेत्रमा केही सकारात्मक, केही नकारात्मक परिवर्तन आए ।

आमसञ्चारका क्षेत्रमा आएको एक सकारात्मक परिवर्तनको रूपमा नेसस र ससससलाई गाभेर २०१८ सालमा राष्ट्रिय संवाद समिति (रासस) को स्थापना गर्नुलाई लिन सकिन्छ । कमजोर आर्थिक धरातलमा धर्मराएर निजी प्रयासबाट चलिरहेका दुई समाचार एजेन्सीलाई गाभेर भरपर्दो सरकारी संस्थागत आधारसहितको रासस स्थापना गर्नु एक समयसापेक्ष कदम थियो भन्ने कुरा राससको ६ दशकको अविराम यात्राबाट पुष्टि हुन्छ ।

**आजका चुनौती**

अत्यन्तै द्रुतगतिमा विकास भइरहेका सञ्चार प्रविधिका कारण पहिला कल्पनासम्म पनि गर्न नसकिएका सुविधा आज सर्वसाधारणको हातहातमा पुगेका छन् भने अर्कोतर्फ नसोचेका चुनौतीहरू पनि थपिएका छन् । राससमा २०५०-५१ सालसम्म टाइपराइटरमा स्टेनसिल पेपर र कार्बन पेपर राखेर औँलाको टुप्पो दुख्ने गरी टाइपका किहरू ठोकेर समाचार सिट तयार गरिन्थ्यो र त्यही स्टेनसिलबाट लिथो प्रविधिद्वारा समाचार बुलेटिन प्रकाशित गरी सेवाग्राही आमसञ्चार माध्यमहरूसमक्ष पुऱ्याइन्थ्यो ।

कम्प्युटर प्रविधिमा प्रवेश गरेपछि यो प्रणालीको अन्त्य भयो । प्रविधिले ल्याइदिएको यो युगान्तकारी परिवर्तन थियो । आज समग्र आमसञ्चार जगत् अत्याधुनिक प्रविधिले सुसज्जित छन् । प्रविधिमा जसको पहुँच छैन ऊ अब टिक्न नसक्ने स्पष्ट छ ।

यतिमात्र होइन, अकल्पनीय प्रविधिले गर्दा पत्रकारिताकै परम्परागत परिभाषा फेरिन गएको छ । आज मुद्रित पत्रपत्रिका, प्रसारण माध्यममात्र पत्रकारिता होइनन्, अज्ञात नेपथ्यमा रहेको अदृश्य प्रविधिको माध्यमबाट सञ्चालन हुने अनलाइन र सोसिएल मिडिया अग्रपङ्क्तिका पत्रकारिता माध्यम बन्न पुगेका छन् ।

त्यसैगरी, मोबाइल सेट सर्वसाधारणको पहुँचमा पुगेपछि अहिले समाचार र विचार सम्प्रेषणका लागि आधिकारिक मान्यता प्राप्त पत्रकार वा सञ्चारकर्मी नै हुनुपर्छ भन्ने छैन, हरेक व्यक्ति समाचार र विचार सम्प्रेषण गर्न सक्ने भएका छन् । एजेन्सीका लागि मात्र होइन सबै किसिमका मिडियाका लागि यो स्थिति निकै चुनौतीपूर्ण बनेको छ ।

समाचार एजेन्सीको मूल आदर्श 'स्पिड एन्ड एक्युरेसी' अर्थात् द्रुतगति र सत्यतथ्य हो । विगतदेखि यही मान्यता चलिआएको छ । विश्वमा कहलिएका एजेन्सीहरू कुनै महत्त्वपूर्ण समाचार ब्रेक गर्दा मिनेट होइन केही सेकेन्ड भए पनि आफू अगाडि हुन प्रतिस्पर्धा गर्दछन् । तर, अब यो मान्यतामा पुनर्विचार गर्नुपर्ने अवस्था आएको छ, अनलाइन र सोसियल मिडियाका कारण । किनकि 'स्पिड' मा अब समाचार एजेन्सी पछि परिसक्यो, अनलाइन र सोसियल मिडियाले एजेन्सीलाई उछिनेको देखिन्छ । तर, 'एक्युरेसी' मा भने समाचार एजेन्सीहरू नै धेरै अगाडि छन् । अब एजेन्सीहरूले छिटोका लागि भन्दा सत्यतथ्य र विश्वसनीयताका लागि आफ्नो क्षमता देखाउनुपर्ने अवस्था आएको छ ।

कोभिड-१९ ले ल्याएको विश्वव्यापी सङ्कटका कारण संसारमा धेरै नकारात्मक प्रभाव पाऱ्यो र त्यसको असर अझै बाँकी नै छ । मुख्यतया त्यस महामारीले आर्थिक क्षेत्रमा पारेको प्रतिकूल असर निकै गम्भीर रहन गयो । फलस्वरूप कैयौं कारोबारहरू यात बन्द भए या शिथिल । कोभिड-१९ को मार खाने एक क्षेत्र मिडिया पनि हो । कोभिडका कारण छाएको आर्थिकमन्दीले धेरै मिडिया बन्द भए भने कोही 'डाउन साइज' मा झर्न बाध्य भए । यसरी समाचार सेवाका उपभोक्ता घट्दा वा कमजोर हुँदा समाचार एजेन्सीको उपयोगिता र माग पनि स्वत: घट्न जान्छ । यो एक गम्भीर चुनौती हो । कुनै महामारी, लामो युद्ध, द्वन्द्वमात्र होइन, लामो समयको आर्थिक मन्दी र राजनीतिक अन्योलले समेत प्रत्यक्ष वा परोक्षरूपमा मिडिया बजारलाई असर पार्न थालेको छ । अहिले कतिपय मिडियालाई अघि बढ्न त परै जाओस् पहिलाकै आसनमा अड्नसमेत हम्मेहम्मे परिरहेको देखिएको छ । यस्तो अवस्था बढ्दै र लम्बिँदै गयो भने समाचार एजेन्सीहरूलाई पनि आफ्नो अस्तित्व जोगाउन कडा सङ्घर्ष गर्नुपर्ने अवस्था नआउला भन्न सकिन्न ।

वास्तवमा एजेन्सी पत्रकारिता आर्थिक बाध्यताको उपज हो । सबैखाले मिडियाले सबै स्थानमा आफ्ना समाचार प्रतिनिधिहरू राखेर समाचार सङ्कलन गर्न आर्थिक र व्यवस्थापकीय कारणले सक्दैनन् । त्यसैले आफ्ना प्रतिनिधि नभएका स्वदेश वा विदेशका स्थानहरूका समाचार र समाचार सामग्री एजेन्सीमार्फत प्राप्त गर्दा मिडियाहरूलाई धेरै किफायत पर्दछ । यही कारण मिडियाहरू समाचार एजेन्सीको ग्राहक बन्छन् । यो स्थितिमा परिवर्तन आएमा एजेन्सीहरूले वैकल्पिक उपाय खोज्नुपर्ने अवस्था आउँछ ।

विगतमा युरोपमा भर्खर भर्खर टेलिग्राफ प्रविधि प्रचलनमा आएको बेलामा (सन् १८५० तिर) यो निकै महँगो थियो । एउटा पत्रिकाले आफूले मात्र प्रयोग गर्ने गरी टेलिग्राफ राख्न सक्ने अवस्था थिएन । त्यसैले एजेन्सीको टेलिग्राफमार्फत समाचार प्राप्त गर्न पनि पत्रपत्रिकाहरू एजेन्सीका सेवाग्राही बन्न बाध्य भएका थिए ।

**अबको बाटो**

व्यक्तिको जीवनमा जस्तै राष्ट्र, समाज र व्यवसायको जीवनमा पनि उतारचढाव आइरहनु स्वाभाविकै हो । समय सधैँ एकनास रहँदैन । तर, प्रतिकूल समयमा पनि आफू नडग्मगाई टिक्न सक्ने बलियो रणनीति सबैसँग हुनु अत्यावश्यक छ । यसका लागि सबैभन्दा प्रमुख रणनीति भनेको आफूलाई समयसापेक्ष बनाउन सक्नु नै हो । समयसापेक्ष बन्न सकेमा पलायन हुन पर्दैन ।

जहाँसम्म नेपालमा समाचार एजेन्सी पत्रकारिताको सवाल छ, त्यसको धरातल बलियो छैन । यहाँ राससको मात्र कुरा गर्न खोजिएको होइन । समाचार एजेन्सी पत्रकारिताबारे राज्यकै दृष्टिकोण र स्पष्ट नीतिको अभाव रहेको स्थितिप्रति इङ्गित गर्न खोजिएको हो । मूल कुरा हाम्रो राज्यले एजेन्सी पत्रकारिताबारे स्पष्ट नीति र दृष्टिकोण नै अहिलेसम्म बनाउन सकेको छैन । समग्र पत्रकारिताकै एक सानो नगण्य अंशको रूपमा मात्र यसलाई लिइएको छ ।

पञ्चायती व्यवस्था लागू गरिएको सन्दर्भमा निर्मित रासस ऐन २०१९ कै भरमा अहिलेसम्म रासस चलिरहेको छ । समयसापेक्ष हुने गरी राससको नयाँ ऐन बनाउने प्रयासले मूर्तरूप लिन बाँकी नै छ । सरकारले राससका अतिरिक्त समाचार एजेन्सीकै प्रकृतिको काम गर्न अन्य निकायलाई पनि अनुमति त दिएको छ तर जस्केलाबाट । किनकि रासस ऐन राससका लागि मात्र हो, अरुका लागि होइन । यदि राससबाहेक अरुलाई पनि एजेन्सी पत्रकारिता गर्ने आधिकारिक मान्यता दिने हो भने समाचार एजेन्सीसम्बन्धी अलग ऐन आउनु नितान्त आवश्यक छ ।

सरकारले कानुनी पाटोमा दुईवटा ऐन ल्याउनु जरुरी छ- एउटा रासस ऐन २०१९ लाई विस्थापित गर्ने गरी नयाँ रासस ऐन र अर्को समाचार एजेन्सी प्रकृतिका काम गर्ने निजी वा गैरसरकारी क्षेत्रका अन्य सबै एजेन्सीलाई नियमन गर्ने नयाँ ऐन ।

एजेन्सी पत्रकारिताले आफ्नो जीवन दिगो र सुरक्षित बनाउने हो भने अब बहुआयामिक सेवातर्फ अग्रसर हुनु अपरिहार्य छ । अब पनि उहाँले भन्नुभयो, 'उहाँले गर्नुभयो' जस्ता 'प्रोटोकल जर्नलिज्म' मै रुमल्लिरहने हो भने न्यूज एजेन्सीको पनि सटर बन्द हुन धेरै समय लाग्ने छैन । 'इभेन्ट' र 'इन्सिडेन्स' का समाचार रिपोर्टिङलाई मात्र प्राथमिकता दिनुको साटो 'इस्सु' लाई महत्त्व दिएर फिल्ड रिपोर्टिङ, इनडेप्थ रिपोर्टिङ, इन्भेस्टिगेटिभ रिपोर्टिङ आदिलाई उच्च प्राथमिकता दिनु जरुरी छ । समाजमा उजागर हुनैपर्ने तर हुन नसकेका अनगिन्ति क्षेत्र र विषयहरू छन् । तिनलाई 'प्रो एक्टिभ जर्नलिज्म' को मान्यताअनुसार उजागर गर्न सकेमा एजेन्सीले आफूलाई समयसापेक्ष बनाइराख्न सक्नेछ । परम्परागत समाचार शैलीलाई आधुनिकीकरण गर्नु र मुख्यत: समाचार सामग्रीको विषयवस्तुमा नवीनता ल्याउनु आवश्यक छ ।

आजका ११ र १२ कक्षाका विद्यार्थीहरू देशका निकट भविष्य हुन् । तर, अफसोचका साथ भन्नुपर्छ कि उनीहरू हाम्रा मिडियाका समाचार सामग्रीप्रति आकर्षित छैनन् । गहिरोसँग सोच्ने हो भने यो निकै ठुलो चुनौती हो र समग्र मिडियाकै भविष्यका लागि खतराको सङ्केत । समाचार एजेन्सी र अन्य मिडियाले पनि ती युवा, विद्यार्थी वर्गलाई आकर्षित गर्न सक्ने सब्जेक्ट र कन्टेन्ट दिनसक्नुपर्छ । आफ्नो देश र समाजप्रति नवयुवा वर्गलाई उदासीन र बेखबर बन्न नदिने दायित्व मिडियाको हो । नवयुवा वर्गलाई देशको चासो नहुने तर विदेशको भने एक एक चासो हुने स्थिति लम्बियो भने त्यसले भविष्यमा दुखद दृश्य देखाउनेछ ।

समाचार एजेन्सी मात्र होइन, अहिले समग्र पत्रकारिता नै एकप्रकारको अन्योल, अराजकता र अस्थिरताको चरणबाट गुज्रिरहेको छ । यो अझ लम्बिन पनि सक्छ, सबै पक्षले बेलैमा विचार पुऱ्याएर प्रभावकारी कदम चालेमा छोटिन पनि सक्छ । सबैभन्दा मुख्य कुरा पत्रकारिताले आफ्नो धर्म छोड्नु हुँदैन । आर्थिक लाभ, राजनीतिक लाभ र विभिन्न अवसरको क्षणिक लाभलाई मात्र लक्ष्य बनाएर पत्रकारिता गर्ने हो भने पछि पछुताउनसमेत ठाउँ नरहन सक्छ ।

(लेखक राससका पूर्वमहाप्रबन्धक हुनुहुन्छ ।) **रासस**

खप मा.विको चौबिसौं, खप कलेजको बाइसौं र
खप कलेज अफ ल को पहिलो वार्षिक उत्सव
कार्यक्रम (फागुन ९, १० र ११) को सफलताको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

उद्घाटन कार्यक्रम
मिति : २०८० फागुन ०९ गते, बुधबार
समय : बिहान १०:०० बजे,
स्थान : खप कलेज प्राङ्गण
शैक्षिक प्रदर्शनी : २०८० फागुन १० गते, बिहीबार

वर्ड लिङ्क कम्युकेशन लि.
मो नं. ९८०१५२३०५१

*विश्वव्यापी...*

ग्लोबल उत्तर अर्थात्, विकसित देशहरू र ग्लोबल साउथ अर्थात् विकासशील देशहरू देशहरूको रूपमा गरेको छ । ग्लोबल साउथअन्तर्गत ब्राजिल, भारत, पाकिस्तान, इन्डोनेसिया, नाइजेरिया, मेक्सिको र चीनलाई लिइन्छ । यसैबिच चिनियाँ राष्ट्रिय तेल कम्पनी र फ्रान्सेली ऊर्जा कम्पनीले शङ्घाई पेट्रोलियम र प्राकृतिक ग्यास एक्सचेन्जमार्फत युआनबाट तरल प्राकृतिक ग्यास व्यापार गरेका छन् ।

त्यसैगरी चीन र अर्जेन्टिनाले सन् २०१४ मा ११ अर्ब डलरको द्विपक्षीय स्वाप लाइन खोलेका थिए । स्वाप लाइन केन्द्रीय बैङ्कहरूबिच तिनीहरूको देशको मुद्रा एकअर्कासँग साट्नको लागि गरिएको सम्झौता हो । तिनीहरू हालको विनिमय दरमा अन्य केन्द्रीय बैङ्कहरूसँग व्यापार गर्न उपलब्ध मुद्राको आपूर्ति गर्छन् । बैङ्कहरूले छोटो अवधिको ऋणको लागि मात्र स्वाप लाइनहरू प्रयोग गर्छन् । यसले दुवै देशहरूलाई पूर्वनिर्धारित ब्याज दर र विनिमय दरहरूमा मुद्रा विनिमय गर्न अनुमति दिन्छ । २०२३ मा अर्जेन्टिनाले चिनियाँ आयातको भुक्तानी गर्न १.०४ बिलियन युआन प्रयोग गर्यो । विदेशी मुद्रा सञ्चिति घटेको र लगानीकर्ताहरूलाई ब्याज चुक्ता गर्न नसकेर लज्जित बनेको अर्जेन्टिनाको लागि युआन कोषमा पहुँच ठुलो राहत भएको थियो ।

अर्जेन्टिनाले आईएमएफलाई ऋण तिर्न पनि युआनको प्रयोग गरेको छ । पहिलो पटक दक्षिण अमेरिकी देशले ऋण चुक्ता गर्न चिनियाँ मुद्रा प्रयोग गर्नुले व्यापार सम्झौताभन्दा पर युआनको व्यापक प्रयोगलाई प्रतिबिम्बित गर्दछ । चीनसँगको स्वाप लाइनले अर्जेन्टिनाको केन्द्रीय बैङ्क रिजर्भको एक महत्त्वपूर्ण हिस्सा ओगटेको छ र ऋण चुक्ता गर्न र वित्त आयातको लागि छोटो अवधिको तरलताको महत्त्वपूर्ण स्रोत भएको २०२३ को आइएमएफ रिपोर्टले देखाउँछ । यद्यपि अर्जेन्टिनाको अर्थतन्त्रमा चीनको महत्त्वपूर्ण सहयोगको बाबजुद नवनियुक्त राष्ट्रपति जेभियर मेलीको कारण अहिले चीन र अर्जेन्टिनाबिच तिक्तता बढेको छ ।

त्यसैगरी २०२३ मा ब्राजिलमा युआनक्लियरिङ स्थापना भयो । यसले दुई देशबिचको व्यापारमा चिनियाँ मुद्रा प्रयोग गर्न मार्ग प्रशस्त गऱ्यो । चीन र ब्राजिलले मुद्रा आदानप्रदान सम्झौतामा पुगेपछि अमेरिकी डलरलाई मध्यस्थको रूपमा पूर्णरूपमा हटायो । चीनको आधिकारिक भ्रमणको क्रममा ब्राजिलका राष्ट्रपति लुला दा सिल्भाले विश्व व्यापारमा डलरको प्रमुख भूमिकाको आलोचना गरे । "किन हरेक देशलाई व्यापारको लागि डलरसँग जोड्नुपर्छ ? डलर विश्व मुद्रा हुनुपर्छ भनेर कसले निर्णय गर्यो ?" भनेर राष्ट्रपति लुलाले असन्तुष्टि पोखेका थिए । यसैबिच ब्राजिलको दोस्रो सबैभन्दा ठूलो सञ्चित मुद्रा युरोलाई उछिँदै युआन २०२३ को अन्त्य सम्ममा ५.३७ प्रतिशत पुग्यो ।

अर्कोतर्फ इरान पनि लामो समयदेखि स्विफ्टका विकल्पहरू खोजिरहेको छ । चीनले सन् २०१२ मा इरानबाट युआनमा भुक्तानी गरेर केही तेल खरिद गर्न थालेको थियो । यसैबिच २०१८ मा प्रतिकात्मक रूपले इरानले आफ्नो आधिकारिक मुद्रा दर युआनसँग गरेर डलरलाई प्रतिस्थापन गर्यो ।

यसरी पछिल्लो घटनाक्रमलाई नियाल्दा डि-डलराइजेसन अभियानलाई सफल पार्न युआनको भूमिका महत्त्वपूर्ण हुने देखिन्छ ।

*आईसीजेद्वारा..*

प्राविधिक सहायताले इजरायली कब्जा र रङ्गभेदलाई स्थायी वा सुदृढ पार्ने छैन भनेर सुनिश्चित गर्न आह्वान गरे। उनले इजरायली शासनसँग सबै प्रकारका आर्थिक र राजनीतिक सम्बन्ध तोड्न पनि सबै पक्षलाई आग्रह गरे। क्षतिपूर्ति र क्षतिपूर्तिको मुद्दामा, पेलेटले सुरक्षा परिषद र महासभाले पहिले नै 'यस सम्बन्धमा विशेष कानुनी रूपमा बाध्यकारी निष्कर्षहरू' पारित गरिसकेका औँल्याउनुभयो।

संयुक्त राष्ट्रका लागि प्यालेस्टाइनका राजदूत रियाद मन्सुरले आईसीजेलाई इजरायली कब्जालाई गैरकानूनी र यस सङ्कल्पबाट हुने कानुनी नतिजा भन्ने निर्णयले न्यायपूर्ण र दिगो शान्तिको मार्गप्रशस्त गर्ने छ भनी तर्क प्रस्तुत गर्नुभयो।

"७५ वर्षपछि, न्यायले अब इजरायलको एपिफेनी भएको दिनको लागि पर्खन सक्दैन र अचानक बाटो उल्टाउने र कानून र संयुक्त राष्ट्र सङ्घको प्रस्तावहरूप्रति प्रतिबद्ध हुने निर्णय गर्दछ। न्यायको खोजीमा हाम्रो यात्राले हामीलाई तपाईहरूसामु, अन्तर्राष्ट्रिय अदालत समक्ष ल्याएको छ," उनले भने।

राजदूतले इजरायलले कब्जा गरेको इलाकाको कब्जाको तत्काल, पूर्ण र बिनाशर्त अन्त्यको माग गरे। प्यालेस्टाइनका विदेशमन्त्री रियाद अल मलिकीले सोमबार संयुक्त राष्ट्रसङ्घको सर्वोच्च अदालतमा भने, "प्यालेस्टाइनीहरूले उपनिवेशवाद र रङ्गभेद सहेका छन्।"

"न्यायमा ढिलाइ गर्नु भनेको न्याय अस्वीकार गर्नु हो र प्यालेस्टिनी जनताले लामो समयदेखि न्यायबाट वञ्चित छन्," उहाँले अगाडि भन्नुभयो।

प्यालेस्टिनी अधिकारीले हाम्रा मानिसहरूलाई धेरै लामो समयसम्म बन्दी बनाएको दोहोरो मापदण्डको अन्त्य गर्न आग्रह गरे।

डिसेम्बर २०२२ मा, संयुक्त राष्ट्र महासभाले आईसीजेलाई 'पूर्वी जेरुसेलमसहित कब्जा गरिएको प्यालेस्टाइन क्षेत्रमा इजरायलको नीति र अभ्यासबाट उत्पन्न हुने कानुनी नतिजा' मा गैर-बाध्यकारी 'सल्लाहकार राय' माग्न आग्रह गरेको थियो।

इजरायली शासन अक्टोबरको सुरुदेखि घेरामा पारेको गाजापट्टीमा आफ्नो क्रूर अभियानलाई लिएर अन्तर्राष्ट्रिय दबाबमा परेको छ।

आईसीजेका सुनुवाइहरू दक्षिण अफ्रिकाले ल्याएको उच्च तहको मुद्दाबाट अलग्ग छन्, जस अनुसार इजरायलले गाजामा नरसंहार गरिरहेको छ।

आईसीजेले जनवरीमा दक्षिण अफ्रिकाको मुद्दामा इजरायलले नरसंहार रोक्न र गाजामा मानवीय सहायतालाई अनुमति दिन आफ्नो शक्तिमा सबै गर्नुपर्दछ भन्ने फैसला सुनाएको थियो।

तर इजरायली शासन आईसीजेको निर्णय पालन गर्न अनिच्छुक रहन्दै आएको छ र आफ्नो रक्तरंजित अभियानलाई निरन्तरता दिइरहेको छ। संरा अमेरिकाले प्रदान गरेको अयोग्य सैन्य र कूटनीतिक साथ र समर्थनकै बलमा नरसंहार चलाउन इजरायल सक्षम बनिरहेको हो।

**'मजदुर' दैनिक र 'श्रमिक' साप्ताहिक नियमित पढौँ !**

# पुँजीवादी व्यवस्थाको विकल्प समाजवादी व्यवस्था

**गौरव प्रधान**

सत्तासीन दलका नेताहरूको गैरजिम्मेवारीले गर्दा देश पराधीन बन्दै गयो; देशमा विदेशी शक्ति राष्ट्रहरूको दबाब बढ्यो, देशका नदी नाला र प्राकृतिक स्रोत र साधन विदेशी हातमा पुग्यो। देशको लागि आवश्यक आधारभूत वस्तु उत्पादन गर्न उद्योग तथा कलकारखाना नखोल्दा, भएका उद्योग तथा कलकारखाना विदेशी व्यापारी, विदेशी दलाललाई दिने सरकारी कार्य र नीतिले पनि देश आत्मनिर्भर बन्न सकेन। देशको लागि आवश्यक सामान विदेशीसँग लिने या विदेशीकै भरमा बस्ने शासकहरूको विदेश मोह प्रवृत्तिले देश समृद्ध हुन सकेन। देशको आयस्रोत बढाएर अर्थतन्त्र मजबुत बनाउने, विदेशी ऋण लिन नपर्ने गरी विकास गाउँ- गाउँ र बस्तीमा पुऱ्याएर स्थानीय जनतालाई रोजीरोटीको व्यवस्था गर्ने र सन्तुलित विकास गर्ने काममा सरकारको ध्यान गएन। प्रजातन्त्र प्राप्त भएको लामो समयसम्म पनि देशले गति लिन सकेन। यो शासकहरूको बेवास्ता या कमजोरीले गर्दा नै भएको हो।

सरकारले रोजीरोटीको निम्ति युवाहरूलाई विदेश जान्नैपर्ने बाध्यता ल्यायो। रोजीरोटीको निम्ति विदेश पलायन हुनुपर्ने देश बन्यो नेपाल। निर्यात बढाएर विदेशी मुद्रा भित्र्याएर देशलाई समृद्ध बनाउनु त कता हो कता उल्टो देशको मुद्रा बिदेसिरहेको छ। फलतः देश विदेशी ऋण र सहयोगमा डुबेको छ। हरियो वन लुटाहाको धन भएको छ। कृषिप्रधान देश खाद्यान्न आयात गर्ने देश बनेको छ। देशका शासक र ठुला दलका नेता, ठुलठुला व्यापारी, उद्योगपतिहरूले रकम विदेशमा थुपार्दै छन्। विदेशमा सम्पत्ति राख्न नपाउने, सम्पत्तिको सीमा निर्धारण गर्ने काम सरकारले गरेको छैन। नेपाली जनता पनि विदेशीलाई जलस्रोत दिने, नेपाली भूमि डुबाउन अन्तर्राष्ट्रिय मूल्य र मान्यताविपरीत बाँध तथा तटबन्ध बनाउने नेपाली भूमि मिचे पनि मौन बस्ने दल र दलका नेताहरूको पछि लाग्छन्। अनि देश कसरी बन्छ ? देश कसरी आत्मनिर्भर बन्छ ? सत्तासीन र ठुला दलहरूले के नेपाल र नेपाली जनताको हितबारे सोच्नु पर्दैन ?

विदेशी नेता र विदेश भनेपछि हुरुक्क हुने, विदेशले ल्याएको देशघाती र जनविरोधी सन्धि सम्झौता आँखा चिम्लेर समर्थन गर्ने कमजोर नेपाली शासकहरूको फाइदा विदेशी शक्ति राष्ट्र र विदेशी नेताहरूले लिइरहेका छन्। सरकारले देशको स्रोत र साधन उपयोग गर्न सकिरहेको छैन; कृषिप्रधान देशमा रासायनिक मल कारखाना खोलेको छैन। उत्पादित विद्युत् सस्तोमा वितरण गरेर उपयोग गर्ने वातावरण सरकारले तयार गरेको छैन। विदेशीको अगाडि झुक्ने, विदेशीले भनेपछि दायाँबायाँ या सही गलत नहेर्ने सरकारको गैरजिम्मेवारीका कारण देश बनाउने कुनै पूर्वाधार तयार गरेको छैन। यही कारण जनताले दुःख पाइरहेका छन्। यसकारण, देश बर्बाद पार्ने यो पुँजीवादी व्यवस्थाको विकल्प समाजवादी व्यवस्थाको निम्ति अघि बढ्नुपर्छ।


## हार्दिक श्रद्धाञ्जली



**सूर्यभक्त तजले**

**जन्म: वि.सं. १९९९/१२/२५** **निधन: वि.सं. २०८०/११/०६**

यस संस्थाको सञ्चालक समितिका सदस्य प्रविन तजलेका पूजनीय पिता **सूर्यभक्त तजले**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछ।

**सहलह बचत तथा ऋण सहकारी संस्था लि.**

गोल्मढी, भक्तपुर-७


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा-२०८० सम्बन्धी भक्तपुर नगरपालिकाको सूचना

यस भक्तपुर नगरपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरूमा अध्ययनरत कक्षा ८ का विद्यार्थीहरूको लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा-२०८० तपसिलबमोजिम सञ्चालन हुने सूचना प्रकाशन गरिएको छ।

**परीक्षा कार्यतालिका**

**समय : बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १ | २०८०।१२।०१, बिहीबार | अङ्ग्रेजी |
| २ | २०८०।१२।०२, शुक्रबार | नेपाली |
| ३ | २०८०।१२।०४, आइतबार | गणित |
| ४ | २०८०।१२।०५, सोमबार | विज्ञान तथा प्रविधि |
| ५ | २०८०।१२।०६, मङ्गलबार | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा |
| ६ | २०८०।१२।०७, बुधबार | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला |
| ७ | २०८०।१२।०८, बिहीबार | ख्वपको पहिचान |

(क) आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क EMIS मा प्रविष्ट गरी सोको प्रमाणित प्रतिलिपि नगर शिक्षा शाखाले तयार पारेको ढाँचामा तयार गरी २०८० फागुन मसान्तसम्म नगर शिक्षा शाखामा बुझाउनुपर्नेछ।

ख) आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क मिति २०८०/११/३० गते बुधबारभित्र सबै विद्यालयहरूले EMIS मा प्रविष्ट गरिसक्नुपर्नेछ।

ग) विशेष कारणवश उल्लिखित परीक्षाको कार्यतालिका र समय तालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णयबमोजिम हुनेछ।

**शिक्षा शाखा**
**भक्तपुर नगरपालिका**
**०१-६६१०११६**

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## कक्षा ५ को वार्षिक परीक्षा-२०८० सम्बन्धी भक्तपुर नगरपालिकाको सूचना

यस भक्तपुर नगरपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरूमा अध्ययनरत कक्षा ५ का विद्यार्थीहरूको लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने कक्षा ५ को वार्षिक परीक्षा-२०८० तपसिलबमोजिम सञ्चालन हुने सूचना प्रकाशन गरिएको छ।

**परीक्षा कार्यतालिका**

**समय : बिहान ११:०० बजेदेखि**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १ | २०८०।१२।१३, मङ्गलबार | नेपाली |
| २ | २०८०।१२।१४, बुधबार | गणित |
| ३ | २०८०।१२।१५, बिहीबार | अङ्ग्रेजी |
| ४ | २०८०।१२।१७, शुक्रबार | विज्ञान तथा प्रविधि |
| ५ | २०८०।१२।१८, आइतबार | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा |
| ६ | २०८०।१२।१९, सोमबार | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला |
| ७ | २०८०।१२।२०, मङ्गलबार | ख्वपको पहिचान |

(क) आधारभूत तहको पाठ्यक्रम २०७८ मा आधारित भई विशिष्टीकरण तालिकामा उल्लेख भएअनुसारका क्रियाकलापसहित प्रयोगात्मक परीक्षा लिनुपर्ने विषयहरूको प्रयोगात्मक परीक्षा विद्यालय आफैले २०८० चैत ५ गतेसम्म सञ्चालन गरी तोकिएको ढाँचाको Markslip २०८०।१२।०५ गतेभित्र नगर शिक्षा शाखामा बुझाउनुपर्नेछ। साथै प्रयोगात्मक परीक्षाको परीक्षा तालिका नगर शिक्षा शाखामा जानकारी गराई स्वीकृति लिई सञ्चालन गर्नुपर्नेछ।

ख) विशेष कारणवश उल्लिखित परीक्षाको कार्यतालिका र समय तालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णयबमोजिम हुनेछ।

**शिक्षा शाखा**
**भक्तपुर नगरपालिका**
**०१-६६१०११६**

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु ★ सम्पादक : विष्णुगोपाल कुसी ★ कार्यालय : कमलविनायक, भक्तपुर ★ फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७ ★ E-mail: majdurdaily@gmail.com ★ मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा